त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ अध्ययन संस्थान
Institute of Engineering
डीनको कार्यालय
OFFICE OF THE DEAN

GPO box- 1915, Pulchowk, Lalitpur
Tel: 977-5-521531, Fax: 977-5-525830
dean@ioe.edu.np, www.ioe.edu.np
गोश्वारा पो.ब. नं- १९१५, पुल्चोक, ललितपुर
फोन- ५५२१५३१, फ्याक्स- ५५२५८३०

पत्र.संख्या : डी.का.यो.फा.नं. ( ) च.नं. १६४३/०८२/०८३ मिति : २०८३/०३/२३

**श्री प्रवेश परीक्षा बोर्ड**
इ.अ.संस्थान, पुल्चोक ।

**विषय : निर्णय पठाइएको वारे ।**

उपरोक्त सम्बन्धमा त्रि.वि., इन्जिनियरिङ्ग अध्ययन संस्थान, विद्यापरिषद् स्थायी समितिको मिति २०८३/०३/२२ गते बसेको बैठकको निम्नानुसारको निर्णय नं. १, आवश्यक जानकारी एवं कार्यार्थ पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

प्रस्ताव नं. १ : त्रि.वि. इ.अ.सं. पुल्चोक क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियनका विद्यार्थीहरुको मागका सम्वन्धमा ।

*निर्णय नं. १ : उपरोक्तानुसार त्रि.वि. इ.अ.सं. पुल्चोक क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियनका विद्यार्थीहरुको माग उपर इ.अ.सं. विद्यापरिषद् स्थायी समितिका सदस्यहरु र स्व.वि.यु.का विद्यार्थीहरु बिच भएको छलफलका आधारमा संशोधित स्नातक (**B.E./B.Arch.**) तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धी जानकारी तथा निर्देशिका (२०८३) स्वीकृत गर्ने निर्णय गरियो ।*

..........................................
प्रा.डा. सुशील बहादुर बज्राचार्य
डीन तथा अध्यक्ष
इ.अ.सं. विद्यापरिषद्

त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ अध्ययन संस्थान

# स्नातक (बी.ई./बी.आर्क.) तहको प्रवेश-परीक्षा तथा क्याम्पस भर्नासम्बन्धी जानकारी तथा निर्देशिका – २०८३

(इ.अ.सं. विद्या परिषद्को २०८३।०३।२२ को संशोधन सहित)

२३ असार, २०८३

त्रि.वि. इन्जिनियरिङ्ग अध्ययन संस्थानद्वारा शैक्षिक बर्ष २०८३/०८४ मा संचालन भएको स्नातक तह बी.ई./बी.आर्क प्रवेश परीक्षा उत्तीर्ण गर्ने परीक्षार्थीहरु नेपाल सरकार, शिक्षा मन्त्रालयको छात्रबृत्ति सम्बन्धी नियमावली अनुसार तोकिएको कानुनी मापदण्ड पुरा गरेमा सो मन्त्रालयद्वारा २०८३/०८४ मा प्रदान गरिने उच्च शिक्षाका छात्रवृत्तिहरुका लागि समेत उम्मेदवार हुन योग्य हुनेछन् ।

प्रवेश-परीक्षाको कूल प्राप्ताङ्क प्रतिशतको आधारमा इ.अ.सं. ले तोकेको न्यूनतम प्राप्ताङ्क र सो भन्दा बढी प्राप्ताङ्क प्रतिशत भएका परीक्षार्थीहरुको योग्यताक्रम सूची **(Merit List)** प्रकाशित गरिनेछ । योग्यताक्रम सूची **(Merit List)** भित्र परेका परीक्षार्थीहरुका लागि भर्ना सम्बन्धी कार्यक्रम इ.अ.सं. केन्द्रिकृत भर्ना अनुगमन समितिले प्रकाशित गरे अनुसार हुनेछ । सो सम्बन्धी सबै जानकारी **https://admission.ioe.edu.np** मा पछि हेर्न सकिनेछ ।

परीक्षार्थीहरुले प्रवेश परीक्षा दिन आउँदा **Color Print** भएको प्रवेशपत्र **(Admit Card)** का साथमा **Online Admission** फर्म भर्दा **Upload** गरेको **Identification Document** को सक्कल प्रमाण पत्र (नागरिकता प्रमाण पत्र, राष्ट्रिय परिचय पत्र, पासपोर्ट, सवारी चालक अनुमति पत्र, ***I.Sc/ 10+2/Engg. Diploma*** *को अन्तिम वर्ष / सेमेष्टरको परीक्षाको प्रवेश पत्र* मध्ये कुनै एक) अनिवार्य रूपमा ल्याउनु पर्नेछ । यी कागजात विना परीक्षामा सम्मिलित गराइने छैन ।

सूचना प्रविधिको आधारमा कम्प्युटर बिधि मार्फत संचालन गरिने प्रवेश परीक्षाका लागि
**Online आवेदन फाराम भर्ने मिति, स्थान र समय :-**

प्रवेश परीक्षा बोर्डको Website: https://entrance.ioe.edu.np मार्फत
मिति २०८३ असार २३ गते बिहान १०:०० बजेदेखि मिति २०८३ श्रावण १ गते सांझ ५:०० बजे सम्म ।

**पवेश-परीक्षाको मिति, स्थान, समय र सिफ्ट :-**

| मिति | समय | स्थान | विषय |
|---|---|---|---|
| २०८३ श्रावण ११ गते (सोमबार) | **सिफ्ट :**<br>बिहान १०:०० बजे<br>दिउँसो ०४:०० बजे | इ.अ.सं., सूचना तथा संचार प्रविधि केन्द्र (ICTC), पुल्चोक, **ललितपुर** | गणित<br>भौतिकशास्त्र<br>रसायनशास्त्र<br>अंग्रेजी |
| २०८३ श्रावण १२ गते (मंगलबार) देखि हुने परीक्षाहरुमा | **सिफ्ट :**<br>बिहान ०७:०० बजे<br>बिहान १०:०० बजे<br>दिउँसो १:०० बजे<br>दिउँसो ४:०० बजे | इ.अ.सं., सूचना तथा संचार प्रविधि केन्द्र (ICTC), पुल्चोक, **ललितपुर** | |
| २०८३ श्रावण १३ (बुधबार) | **सिफ्ट :**<br>बिहान १०:०० बजे<br>दिउँसो ०४:०० बजे | इ.अ.सं.,पश्चिमाञ्चल क्याम्पस,पोखरा, इ.अ.सं.,पूर्वाञ्चल क्याम्पस ,धरान र थापाथली क्याम्पस | |
| २०८३ श्रावण १४ गते (बिहिबार) देखि हुने परीक्षाहरुमा | **सिफ्ट :**<br>बिहान ०७:०० बजे<br>बिहान १०:०० बजे<br>दिउँसो १:०० बजे<br>दिउँसो ४:०० बजे | इ.अ.सं.,पश्चिमाञ्चल क्याम्पस ,पोखरा इ.अ.सं.,पूर्वाञ्चल क्याम्पस ,धरान र थापाथली क्याम्पस | |

उपरोक्त तालिका अनुसार प्रवेश परीक्षामा सामेल भई इ.अ.सं. विद्यापरिषद्ले तोकेको न्यूनतम उत्तीर्णाङ्क प्रतिशत र सोभन्दा बढी प्राप्ताङ्क भएकाहरूको योग्यताक्रम सूची (Merit List) **को** प्रकाशन Website: https://entrance.ioe.edu.np मा गरिनेछ ।

क्याम्पस/कलेजहरुको भर्ना सम्बन्धी कार्यक्रम इ.अ.सं. केन्द्रिकृत भर्ना अनुगमन समितिले प्रकाशित गरे अनुसार हुनेछ । क्याम्पस/कलेजहरुको भर्ना सम्वन्धी जानकारी https://admission.ioe.edu.np मा हेर्न सकिनेछ ।
कक्षा सञ्चालन २०८३ असोज १ देखि हुनेछ।

**स्नातक बी.ई/बी.आर्क तहको कम्प्युटर बिधि मार्फत संचालन गरिने प्रवेश-परीक्षा सम्बन्धी विशेष सूचना:**
सूचना प्रविधिको आधारमा कम्प्युटर विधि मार्फत परीक्षा दिंदा निम्न बुदाँहरुमा ध्यान दिनुहोला:-

१. यो परीक्षाको समयावधि २ घण्टाको हुनेछ । यसमा एक अंकभारका ६० वटा र दुई अंकभारका ४० प्रश्नहरु गरी जम्मा १०० वटा प्रश्नहरु हुनेछन् । तदअनुसार प्रवेश परीक्षाको कुल पूर्णाङ्क १४० हुनेछ । **गलत उत्तरको लागि १०% अंक घटाइनेछ ।**

२. कम्प्युटरको Monitor मा प्रत्येक प्रश्न सँगै उक्त प्रश्नको ४ संभावित उत्तरहरु (Options) दिइएको हुनेछ ।

३. परीक्षार्थीले प्रत्येक प्रश्नको ठीक उत्तरमा कम्प्युटर Mouse को सहायताले Click गर्नुपर्नेछ। Keyboard प्रयोग गर्न भने पाइने छैन ।

४. एक पटक कुनै Option मा Click गरेपछि अर्को Option Change गर्न पाइनेछ, तर त्यसपछि चार मध्ये कुनै एउटा Option रोज्नै पर्ने हुन्छ । यदि कुनै प्रश्नको उत्तर नदिएर त्यो प्रश्न खालि छाड्ने हो भने शुरुमै दिइएको चार Option मध्ये कुनै पनि Option मा Click गर्नु हुँदैन ।

# विषय-सूची


| क्र.सं. | विषय | पाना नं. |
|---|---|---|
| १. | इञ्जिनियरिङ अध्ययन संस्थानको संक्षिप्त परिचय | ६ |
| २. | इञ्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पसहरूको संक्षिप्त परिचय | ६ |
| ३. | स्नातक (बी.ई./बी.आर्क) तहको प्रवेश-प्रक्रिया | ११ |
| ४. | छनोटको आधार र सूची-प्रकाशन | १२ |
| ५. | इ.अ.सं. अन्तर्गतका आङ्गिक तथा त्रि.वि. बाट सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरूको भर्ना सूची प्रकाशन र भर्ना प्रक्रिया | १२ |
| ६. | आङ्गिक क्याम्पसहरूका विभिन्न कोटा र सुरक्षित स्थान | १३ |
| ७. | भर्ना हुँदा पेश गर्नुपर्ने कागजपत्रहरू | १८ |
| ८. | भर्ना-रद्द र धरौटी फिर्ता | १८ |
| ९. | आङ्गिक क्याम्पसहरूको स्नातक (बी.ई./बी.आर्क.) तहको शुल्क विवरण | २० |
| १०. | त्रि.वि. दर्ता, क्याम्पस परिचय-पत्र र पुस्तकालय सदस्यता-पत्र | २१ |
| ११. | परीक्षा-प्रणाली | २१ |
| १२. | खण्डगत भर्ना-रोक्का | २२ |
| १३. | छात्रवृत्ति र पदक | २२ |
| १४. | विद्यार्थीहरुको आचारसंहिता | २२ |
| १५. | आचार संहितासम्वन्धि कारवाहि र सजाय | २४ |
| १६. | अन्य जानकारी | २५ |

## १.	इन्जिनियरिङ अध्ययन संस्थानको संक्षिप्त परिचय

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका पाँच अध्ययन संस्थानहरु मध्ये इन्जिनियरिङ अध्ययन संस्थान एक हो । यसको स्थापना नयाँ शिक्षा योजना सँगै वि.सं. २०२९ सालमा भएको हो । स्थापना कालमा यसले  राष्ट्रिय आवश्यकता अनुरूपका मध्यम तथा उच्च तहका इन्जिनियरिङ जनशक्ति अर्थात् ओभरसियर र इन्जिनियरहरू उत्पादन गर्ने, विभिन्न तहका जनशक्तिलाई तालिम दिने र देशको इन्जिनियरिङ क्षेत्रको प्राविधिक क्षमता अभिवृद्धि गर्नका साथै अनुसन्धान तथा परामर्श सेवा उपलब्ध गराउने मूलभूत उद्देश्यहरू राखेको थियो । यी उद्देश्यहरू प्राप्तिका लागि हाल इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गत पाँचवटा आंगिक क्याम्पसहरू सञ्चालित छन् । ती क्याम्पसहरु पुल्चोक क्याम्पस, पुल्चोक (ललितपुर), थापाथली क्याम्पस (काठमाडौं), पूर्वाञ्चल क्याम्पस (धरान), पश्चिमाञ्चल क्याम्पस (पोखरा) र चितवन इन्जिनियरिंग क्याम्पस, चितवन  हुन् । उच्च शिक्षामा नीजि तथा समुदायको भूमिकालाई पनि परिचालन गर्ने सरकारको लक्ष्य अनुरुप इन्जिनियरिङ शिक्षा प्रदान गर्नका लागि त्रि.वि.बाट सम्बन्धन प्राप्त गरेका अन्य १० वटा कलेजहरु पनि इ.अ.संस्थान अन्तर्गत सञ्चालनमा रहेका छन् । इन्जिनियरिङ विधाका विभिन्न क्षेत्रहरुमा उच्च स्तरीय दक्ष जनशक्ति उत्पादन गर्नुका साथै शोध तथा अनुसन्धानका क्षेत्रहरुमा समेत नेतृत्वदायि भूमिका निर्वाह गर्नु पर्ने आजको चुनौतिपूर्ण आवश्यकतालाई यसले आफ्नो गहन जिम्मेवारीको रुपमा लिँदै आएको छ ।

## २. इ.अ.सं. अन्तर्गतका आंगिक क्याम्पसहरूको संक्षिप्त परिचय

### २.१	पुल्चोक क्याम्पस, पुल्चोक, ललितपुर

वि.सं. १९८७ साल फाल्गुन १९ गते उद्‌घाटन भएर काठमाडौंको वसन्तपुर (हाल नवआदर्श माध्यमिक विद्यालय रहेको ठाउँ) मा एउटा टेक्निकल स्कूल संचालनमा थियो ।सो स्कूलमा प्रारम्भमा टेक्सटायल सम्बन्धि प्रशिक्षण प्रदान गर्न शुरु गरियो । वि.सं. १९९९ चैत्र १२ गते देखि एस.एल.सी. उत्तीर्ण विद्यार्थीहरूलाई भर्ना गरी २ वर्षे सिभिल इन्जिनियरिङ  सब-ओभरसियरको प्रशिक्षण दिने काम प्रारम्भ भयो । उक्त स्कूललाई वि.सं. २००२ सालमा त्रि-चन्द्र क्याम्पस हातामा सारिएको थियो । वि.सं. २००७ सालमा उक्त टेक्निकल स्कूललाई इन्जिनियरिङ स्कूलमा परिणत गरियो । सो स्कूलमा वि.सं. २०११ सालदेखि सिभिल इन्जिनियरिङ कार्यक्रममा २ वर्षे ओभरसियर कार्यक्रम सुरु भयो । सो कार्यक्रम अन्तर्गत एक वर्ष मात्र प्रशिक्षण लिएको खण्डमा सब-ओभरसियर हुने प्रावधान थियो । तर, दुईवर्षे ओभरसियर कार्यक्रमको प्रशिक्षण पहिलो बर्ष सकिए पछि दोस्रो वर्ष सुरु नहुँदै बन्द भयो । यसरी बन्द भएको कार्यक्रम वि.सं. २०१५ सालदेखि नियमित भर्ना गरी पूनः संचालनमा ल्याइयो । यो कार्यक्रममा वि.सं. २०११ सालमा कार्यक्रम बन्दभई एक वर्षको प्रशिक्षण मात्र पूरा गरी बसेका विद्यार्थीहरूलाई समेत दोस्रो वर्षदेखिको पाठ्यांशमा भर्ना लिएर वि.सं. २०१६ सालमा सिभिल ओभरसियरको पहिलो समूहको उत्पादन  भयो । त्यसको एक वर्षपछि यस स्कूललाई जावलाखेल, ललितपुर (हाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान रहेको ठाउँ) मा सारियो । वि.सं. २०२३ सालमा इन्जिनियरिङ स्कूलको नामाकरण नेपाल इन्जिनियरिङ इन्स्टिच्युट भयो । यसै साल उक्त संस्था जावलाखेलबाट पुल्चोकस्थित आनन्द निकेतनको हातामा सारियो र २ वर्षको ओभरसियरको अध्ययन अवधिलाई ३ वर्ष गरियो । वि.सं. २०२८ साल देखि सिभिल इन्जिनियरिङ कार्यक्रमका अतिरिक्त इलेक्ट्रिकल इन्जिनियरिङ कार्यक्रम सुरु गरियो भने ३ वर्षे कार्यक्रमको अवधिलाई पुनः २ वर्षे गरियो ।

यस क्याम्पस अन्तर्गत वि.सं. २०२८ देखि वि.सं. २०३२ सालसम्म इलेक्ट्रिकल, ब्रिकलेइङ, कार्पेन्ट्री र प्लम्बिङ विषयमा क्रमशः ९ महिना, १२ महिना र १५ महिना अवधिका कालिगढ तालिमहरू पनि सञ्चालन गरिएका थिए ।

नयाँ शिक्षा योजना सुरु भएपछि नेपाल इन्जिनियरिङ इन्स्टिच्युट तथा थापाथलीमा बि.स. २०१९ सालमा स्थापित टेक्निकल ट्रेनिङ इन्स्टिच्युट लाई एकिकृत गरी वि.सं. २०२९ सालमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थानको गठन भयो ।

यस अध्ययन संस्थान अन्तरगत नेपाल इन्जिनियरिङ इन्स्टिच्युटको स्थापना भएको पुल्चोकस्थित आनन्द निकेतनको हातामा पुल्चोक क्याम्पस पुल्चोक रहेको छ । यस क्याम्पसमा वि.सं. २०३० सालदेखि आर्किटेक्चर, वि.सं. २०३२ सालमा रेडियो इलेक्ट्रोनिक्स र वि.सं. २०३३ सालमा रेफ्रिजेरेसन एन्ड एयरकन्डिसनिङ इन्जिनियरिङ कार्यक्रमको प्रमाण-पत्र तहको अध्ययन अध्यापन कार्य शुरु गरिएको हो । सिभिल इन्जिनियरिङ स्नातक तहको कार्यक्रम त्रि.वि. ई.अ.सं. को आफ्नै प्रयास तथा व्यबस्थापनमा २०४१(१९८४) देखि नियमित रुपमा सुरु भई हाल आर्किटेक्चर,

मेकानिकल, इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल कार्यक्रमहरूमा स्नातक तह (बी.ई./बी.आर्क.) समेत सञ्चालन भइसकेका छन् । यस क्याम्पसमा सिभिल कार्यक्रमको अतिरिक्त वि.सं.२०५१ सालदेखि इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स, वि.सं. २०५२ सालदेखि मेकानिकल र आर्किटेक्चर, वि.सं. २०५५ सालदेखि कम्प्युटर इन्जिनियरिङ र बि.सं. २०७५ सालदेखि एरोस्पेश इन्जिनियरिङ कार्यक्रमका साथै २०७६ सालदेखि केमिकल इन्जिनियरिङ बिषयमा स्नातक तहको पठन-पाठन शुरु भएका छन् ।

इन्जिनियरिङ अध्ययन संस्थानबाट स्नातक उत्तीर्ण बिद्यार्थीहरुलाई उच्च शिक्षामा पनि अवसर दिने उदेश्य अनुरुप पुल्चोक क्याम्पस, पुल्चोकमा बिभिन्न बिधाहरुमा स्नातकोत्तर तथा बिद्यावारिधि कार्यक्रमहरु पनि सञ्चालन हुदै आएको छ ।

यस शिक्षण संस्थाको भौतिक र प्राविधिक विकासमा विभिन्न चरणमा विभिन्न मित्र राष्ट्रहरू भारत, संयुक्त अधिराज्य, नर्वेलगायत विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरू जस्तैः विश्व बैङ्क, अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO), तथा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम आदिको सहयोग प्राप्त भएको छ । विश्व बैंकको ऋण-सहयोग, स्विस महासंघ र क्यानाडाली सरकारको अनुदान सहयोगमा स्नातक तथा स्नातकोत्तर कार्यक्रमहरु शुरु गर्न सहयोग पुगेको हो ।

## २.२ थापाथली क्याम्पस, थापाथली, काठमाडौं

देश विकासका लागि मध्यम तहको इन्जिनियरिङ क्षेत्रको दक्ष जनशक्ति उत्पादन गर्ने मूल उद्देश्यबाट मित्रराष्ट्र जर्मनी सरकारको सहयोगमा वि.सं. २०१९ सालमा टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रोजेक्टको स्थापना भयो । काठमाडौंको थापाथलीमा स्थापित उक्त टेक्निकल ट्रेनिङ इन्स्टिच्युटमा २०२२-२०२४ सालमा दश कक्षा उत्तीर्ण गरेकालाई भर्ना लिई इलेक्ट्रिकल, मेकानिकल र अटोमोबाइल इन्जिनियरिङ कार्यक्रमहरूमा ३ वर्षे अवधिको प्रशिक्षण प्रदान गरियो । उपर्युक्त तीनै विषयमा २०२३ सालदेखि एस.एल.सी. उत्तीर्ण गरेकालाई भर्ना गरिएको थियो । आर्किटेक्चर ड्राफ्टिङ कार्यक्रमको तीनवर्षे कोर्ससमेत एक पटकका लागि सञ्चालन गरिएको थियो । २०२३ सालदेखि २०३० सालसम्म उपर्युक्त बमोजिम तीन वर्षे नियमित कार्यक्रम सञ्चालन भयो । यस अतिरिक्त वि.सं. २०२७, २०२९, २०३० र २०३१ सालमा दश कक्षा उत्तीर्ण गरेकालाई भर्ना लिई दुई वर्ष अवधिको प्रशिक्षण पनि गरियो । यो इन्स्टिच्युट वि.सं. २०२९ सालदेखि त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतको थापाथली क्याम्पसको नामले सञ्चालन भइरहेको छ । इलेक्ट्रिकल इन्जिनियरिङ कार्यक्रमको पठन-पाठन पुल्चोक क्याम्पस पुल्चोकमा सुरु गरिएको हुनाले २०३३ सालपछि यस क्याम्पसमा उक्त कार्यक्रमको पठन-पाठन चालू गरिएन । २०३१ सालदेखि २०४२ सालसम्म उपर्युक्त नियमित तीन वर्षे कोर्सलाई २ वर्षे गरियो । तत्पश्चात् २०४३ सालदेखि अटुटरूपमा यस क्याम्पसमा मेकानिकल र अटोमोबाइल कार्यक्रममा डिप्लोमा तहका तीनवर्षे कार्यक्रमहरू सञ्चालन भइरहे । पुल्चोक क्याम्पस पुल्चोकमा सञ्चालन गरिदै आएको आर्किटेक्चर र सिभिल कार्यक्रम क्रमशः २०५४ र २०५५ देखि यस क्याम्पसमा स्थानान्तरण गरिएका थिए । २०५७ सालदेखि सिभिल इन्जिनियरिङ र आर्किटेक्चर कार्यक्रमहरूमा डिप्लोमा तहका पूर्णशुल्कीय कार्यक्रम सञ्चालन गरिएका थिए । साथै २०५९ सालदेखि कम्प्युटर इन्जिनियरिङ र इलेक्ट्रोनिक्स इन्जिनियरिङ विषयमा पनि डिप्लोमा तहका नियमित तथा पूर्णशुल्कीय कार्यक्रम सञ्चालन गरिएको थियो । यस क्याम्पसमा वि.स. २०६२ सालदेखि बी.ई. (स्नातक तह) इन्ड्स्ट्रियल इन्जिनियरिङको कार्यक्रम सञ्चालन गरियो । वि.सं.२०६६ साल देखि बी.ई. सिभिल इन्जिनियरिङ तथा वि.सं.२०६७ साल देखि कम्प्यूटर डिप्लोमा कार्यक्रमलाई स्तर बृद्धि गरी बी.ई. इलेक्ट्रोनिक्स तथा कम्यूनिकेशन कार्यक्रम संचालित छन् । वि.सं. २०६८ सालदेखि वि.ई. मेकानिकल इन्जिनियरिङ कार्यक्रम पनि संचालनमा रहेको छ । डिप्लोमा कार्यक्रमहरुलाई स्तरोन्नति गर्ने सिलसिलामा २०६८ सालदेखि इलेक्ट्रोनिक्स डिप्लोमा बन्द गरिएको थियो भने २०६९ सालदेखि आर्किटेक्चर र सिभिल इन्जिनियरिग कार्यक्रमको डिप्लोमा तह पनि बन्द गरिएको छ । २०७१ साल देखि स्नातक तहमा आर्किटेक्चर बिषयको कार्यक्रम पढाइ हुन थालिएको छ । वि.सं. २०७५ सालदेखि कम्प्युटर इन्जिनियरिङ र अटोमोबाइल इन्जिनियरिङका स्नातक तहका कार्यक्रमहरु पनि संचालनमा रहेको छ । इन्जिनियरिङ अध्ययन संस्थानबाट स्नातक उत्तीर्ण बिद्यार्थीहरुलाई उच्च शिक्षामा पनि अवसर दिने उदेश्य अनुरुप थापाथली क्याम्पस, थापाथलीमा बिभिन्न बिधाहरुमा स्नातकोत्तर कार्यक्रमहरु पनि सञ्चालन हुदै आएको छ ।

## २.३ पूर्वाञ्चल क्याम्पस, धरान, सुनसरी

औद्योगिक र भौतिक विकासका लागि अति नै आवश्यक पर्ने इन्जिनियरिङ क्षेत्रका निम्न तथा मध्यम तहको दक्ष प्राविधिक जनशक्तिको उत्पादन गरी मुलुकको सर्वाङ्गीण विकासमा सघाउ पुऱ्याउने उद्देश्यले वि.सं. २०३४ पौषमा पूर्वाञ्चल क्षेत्रको तीनकुने, धरानमा इन्जिनियरिङ क्षेत्रको प्राविधिक क्याम्पसको स्थापनार्थ एसियाली विकास बैंकसँग ऋण सहयोग सम्झौतामा हस्ताक्षर भयो । सँगसँगै उपर्युक्त क्याम्पस स्थापनाका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन संयुक्त अधिराज्य सरकारसँग वि.सं. २०३५ साल श्रावणमा अर्को सम्झौता सम्पन्न भयो । उक्त सम्झौताहरूको आधारमा इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गत यस क्याम्पसको निर्माण लगायतका सम्पूर्ण कार्य २०४३ सालमा सम्पन्न भयो ।

वि.सं. २०४३ साल देखि यस क्याम्पसले इन्जिनियरिङ डिप्लोमा तहमा सिभिल मेकानिकल, इलेक्ट्रिकल लगायत कार्यक्रमहरू सञ्चालन गर्दै आएको थियो । २०५६ सालदेखि डिप्लोमा तहका सिभिल र इलेक्ट्रिकल इन्जिनियरिङ विषयहरूमा पूर्णशुल्कीय कार्यक्रमहरू सञ्चालन गरिएका हुन् । सुरुदेखि नै संचालनमा आएको मेकानिकल, २०५२ सालदेखि शुरु भएको रेफ्रिजेरेसन एन्ड एयरकन्डिसनिङ, २०५९ सालदेखि संचालित कम्प्युटर इन्जिनियरिङ र इलेक्ट्रोनिक्स इन्जिनियरिङ विषयहरुका डिप्लोमा तहका नियमित तथा पूर्णशुल्कीय कार्यक्रमहरुलाई बन्द गरी वि.सं. २०६९ देखि मेकानिकल, इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन इन्जिनियरिङ तथा कम्प्युटर इन्जिनियरिङ कार्यक्रममा स्नातक तहको पठन पाठन शुरु गरिएको छ । २०५७ सालदेखि नै स्नातक (बी.ई.) एग्रिकल्चर इन्जिनियरिङ कार्यक्रममा कक्षा सञ्चालन भै रहेको यस क्याम्पसमा २०६१ सालदेखि सिभिल इन्जिनियरिङ कार्यक्रममा स्नातक (बी.ई.) तहको कक्षा पनि सञ्चालनमा रहेको छ । नेपाल सरकारबाट यो क्याम्पस वि.सं. २०४५/११/१२ देखि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत राखिएको थियो । २०४७/२/१५ देखि पुनः त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गत पूर्वाञ्चल क्याम्पसका रूपमा सञ्चालन भइरहेको छ । क्याम्पस स्थापना देखि संचालन गरिएका इन्जिनियरिङसँग सम्बन्धित विभिन्न विषयका ट्रेड कोर्सहरू अहिले बन्द भएका छन् । २०७१ साल देखि स्नातक तहमा इलेक्ट्रीकल बिषयको कार्यक्रम थप भएको थियो भने २०७२ सालदेखि स्नातक तहमा आर्किटेक्चर बिषयको कार्यक्रम थपगरिएको छ । इन्जिनियरिङ अध्ययन संस्थानबाट स्नातक उत्तीर्ण बिद्यार्थीहरुलाई उच्च शिक्षामा पनि अवसर दिने उदेश्य अनुरुप  पूर्वाञ्चल क्याम्पस, धरानमा बिभिन्न बिधाहरुमा स्नातकोत्तर कार्यक्रमहरु पनि सञ्चालन हुदै आएको छ ।

## २.४ पश्चिमाञ्चल क्याम्पस, पोखरा, कास्की

वि.सं. २०३८ सालमा प्राविधिक शिक्षाको विकासलाई मुलुकको विभिन्न भागमा पुऱ्याई राष्ट्रिय विकासका लागि आवश्यक दक्ष जनशक्ति बढी भन्दा बढी उत्पादन गर्दै जाने उद्देश्यले पश्चिमाञ्चल विकास क्षेत्रको पोखरा, लामाचौरमा इन्जिनियरिङ क्याम्पस स्थापना गर्न विश्व बैंकसँग ऋण सम्झौता गरियो । सो ऋण सम्झौता अन्तर्गत क्याम्पस सञ्चालन गर्ने परियोजनामा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमबाट अन्तर्राष्ट्रिय श्रम-सङ्गठनले प्राविधिक सहायता उपलब्ध गराएको थियो ।

वि.सं. २०४४ सालदेखि यस क्याम्पसमा कालिगढ तालिम र बिभिन्न इन्जिनियरिङ विधामा डिप्लोमा तहका कार्यक्रमहरू सञ्चालन गरिएका थिए । कालिगढ प्रशिक्षणको नियमित कार्यक्रम २०४६ बाट नै बन्द भएको छ । वि.सं. २०५३ सालदेखि अटोमोबाइल र इलेक्ट्रोनिक्स विषयमा डिप्लोमा कार्यक्रमहरू सञ्चालन हुँदै आएको यस क्याम्पसमा २०५५ सालदेखि सिभिल इन्जिनियरिङ र २०५६ सालदेखि इलेक्ट्रिकल इन्जिनियरिङ डिप्लोमा तहका कार्यक्रमहरूमा पूर्णशुल्कीय कार्यक्रमहरू सञ्चालन गरिएका थिए । इन्जिनियरिङ डिप्लोमा तहमा वि.सं. २०४४ सालदेखि सिभिल, इलेक्ट्रिकल र मेकानिकल कार्यक्रमको पठन-पाठन सञ्चालन भइरहेकोमा स्तरोन्नति गर्ने सिलसिलामा डिप्लोमा तहको इलेक्ट्रिकल र ईलेक्ट्रोनिक्स कार्यक्रमलाई शैक्षिक वर्ष २०६२ सालदेखि बी.ई.(स्नातक तह) इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन इन्जिनियरिङको नियमित तथा पूर्णशुल्कीय कार्यक्रम तथा २०६७ साल देखि बी.ई. इलेक्ट्रिकल कार्यक्रमले प्रतिस्थापन गरेको छ । वि.सं. २०५६ सालदेखि सिभिल इन्जिनियरिङ कार्यक्रमको स्नातक

तहमा नियमित तथा पूर्णशुल्कीय कार्यक्रम सञ्चालन गरिएको छ। २०५९ सालदेखि संचालित कम्प्युटर इन्जिनियरिङ कार्यक्रमको डिप्लोमा तहको नियमित तथा पूर्णशुल्कीय कार्यक्रम पनि बन्द गरिएको छ। वि.सं. २०६९ देखि यस क्याम्पसमा स्नातक तहमा सिभिल, इलेक्ट्रीकल, इलेक्टोनिक्स एण्ड कम्यनिकेशन, मेकानिकल, कम्प्यूटर तथा जियोमेटिक्स कार्यकमहरुमा पठन पाठन सञ्चालन भैरहेका छन्। वि.सं. २०७५ देखि यस क्याम्पसमा स्नातक तहमा अटोमोवाइल इन्जिनियरिंग बिषयको कार्यक्रम थप गरिएको छ। इन्जिनियरिङ अध्ययन संस्थानबाट स्नातक उत्तीर्ण बिद्यार्थीहरुलाई उच्च शिक्षामा पनि अवसर दिने उदेश्य अनुरुप पश्चिमाञ्चल क्याम्पस, पोखरामा बिभिन्न बिधाहरुमा स्नातकोत्तर कार्यक्रमहरु पनि सञ्चालन हुदै आएको छ।

## २.५ चितवन इन्जिनियरिङ क्याम्पस, रामपुर, चितवन

इन्जिनियरिङ शिक्षालाई मुलुकको विभिन्न भागमा पुर्‍याई राष्ट्रनिर्माणको लागि इन्जिनियरिङ क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्दै लाने लक्ष अनुरुप नेपाल सरकारको वि.सं २०७४ श्रावण महिनाको निर्णय वमोजिम वि.सं २०७५ साल फागुन महिनामा चितवन इन्जिनियरिङ्ग क्याम्पसको स्थापना भएको हो। नेपाल सरकारको आफ्नै पहल र आर्थिक सहयोगमा संचालनमा आएको यस क्याम्पस चितवनको भरतपुर न.पा. अर्न्तगत रामपुरमा करिव ४० विगाहा क्षेत्रफलमा अवस्थित छ। हाल यस क्याम्पसमा स्नातक तहको आर्किटेक्चर विषयमा पठन पाठन संचालन भैरहेको छ।

## २.६ त्रि.वि.बाट सम्बन्धन प्राप्त कलेजहरू

इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गत निजीस्तरमा संचालित सम्बन्धन प्राप्त कलेजहरु निम्नानुसार रहेका छन्। उक्त कलेजहरूसम्बन्धी विस्तृत विवरण सम्बन्धित कलेजबाट प्राप्त गर्न सकिनेछ।

| **सम्बन्धन प्राप्त कलेजहरु** | |
|---|---|
| ➢ कान्तिपुर इन्जिनियरिङ कलेज, ललितपुर<br>➢ काठमाण्डौ इन्जिनियरिङ कलेज, काठमाण्डौ<br>➢ हिमालय कलेज अफ इन्जिनियरिङ, ललितपुर<br>➢ एड्भान्स्ड कलेज अफ इन्जिनियरिङ एण्ड म्यानेजमेन्ट, काठमाण्डै<br>➢ नेशनल कलेज अफ इन्जिनियरिङ, ललितपुर | ➢ काठफोर्ड इन्टरनेशनल कलेज अफ इन्जिनियरिङ एण्ड म्यानेजमेन्ट, ललितपुर<br>➢ जनकपुर इन्जिनियरिङ कलेज, भक्तपुर<br>➢ ख्वप: कलेज अफ इन्जिनियरिङ, भक्तपुर<br>➢ सगरमाथा इन्जिनियरिङ कलेज, ललितपुर<br>➢ ललितपुर इन्जिनियरिङ कलेज, ललितपुर |

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन-प्राप्त कलेजहरूमा भर्ना हुनका लागि समेत इन्जिनियरिङ अध्ययन संस्थानद्वारा सञ्चालित प्रवेश-परीक्षा उत्तीर्ण हुन अनिवार्य छ। साथै सम्बन्धन-प्राप्त कलेजहरूले कुल भर्ना संख्याको १०% स्थानमा भर्ना लक्ष्य नवढाई इ.अ.सं.को नियमित सरहको शुल्क लिई भर्ना गर्नुपर्ने प्रावधान रहेको छ।

## २.७ विभिन्न क्याम्पस/कलेजहरूको भर्ना-लक्ष्य

त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पसहरूमा स्नातक (बी.ई./बी.आर्क.) तहमा अध्यापन गरिने विभिन्न कार्यक्रमको भर्ना-लक्ष्य :

| कार्यक्रम | आंगिक क्याम्पसहरुको भर्ना लक्ष्य | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुल्चोक क्याम्पस | | पश्चिमाञ्चल क्याम्पस | | पूर्वाञ्चल क्याम्पस | | थापाथली क्याम्पस | | चितवन इन्जिनियरिंग क्याम्पस | |
| | नियमित | पूर्ण-शुल्कीय | नियमित | पूर्ण-शुल्कीय | नियमित | पूर्ण-शुल्कीय | नियमित | पूर्ण-शुल्कीय | नियमित | पूर्ण-शुल्कीय |
| सिभिल | १०८ | ८४ | ३६ | १०८ | ३६ | १०८ | ३६ | १०८ | - | - |
| आर्किटक्चर | २४ | २४ | - | - | १२ | ३६ | १२ | ३६ | ६ | १८ |
| इलेक्ट्रिकल | ३६ | ६० | १२ | ३६ | १२ | ३६ | - | - | - | - |
| इलेक्ट्रोनिक्स, कम्युनिकेशन एण्ड इन्फरमेशन | २४ | २४ | १२ | ३६ | १२ | ३६ | १२ | ३६ | - | - |
| मेकानिकल | २४ | २४ | १२ | ३६ | २४ | ७२ | १२ | ३६ | - | - |
| कम्प्युटर | ३६ | ६० | १२ | ३६ | २४ | ७२ | १२ | ३६ | - | - |
| एरोस्पेस इन्जिनियरिङ | १२ | ३६ | - | - | - | - | - | - | - | - |
| एग्रिकल्चर | - | - | - | - | १२ | ३६ | - | - | - | - |
| इण्डष्ट्रियल | - | - | - | - | - | - | १२ | ३६ | - | - |
| जियोमेटिक्स | - | - | १२ | ३६ | | - | - | - | - | - |
| अटोमोवाइल इन्जिनियरिंग | - | - | १२ | ३६ | - | - | १२ | ३६ | - | - |
| केमिकल इन्जिनियरिंग | १२ | ३६ | - | - | - | - | - | - | - | - |
| **जम्मा** | **२७६** | **३४८** | **१०८** | **३२४** | **१३२** | **३९६** | **१०८** | **३२४** | **६** | **१८** |
| | | | | | **कुल जम्मा** | | | | | **२०४०** |

त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतका सम्बन्धन-प्राप्त इन्जिनियरिङ कलेजहरूमा स्नातक (बी.ई. /बी.आर्क.) तहमा अध्यापन गरिने विभिन्न कार्यक्रमको भर्ना-लक्ष्य :

| कार्यक्रम | सम्बन्धन-प्राप्त कलेजहरूको भर्ना लक्ष्य | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कान्तिपुर इन्जिनियरिंग कलेज | काठमाडौं इ. कलेज | हिमालय इन्जिनियरिंग कलेज | एडभान्स्ड कलेज अफ इन्जिनियरिंग एण्ड म्यानेजमेण्ट | नेशनल कलेज अफ इन्जिनियरिङ | काठफोर्ड इन्टरनेशनल कलेज अफ इन्जिनियरिङ एण्ड म्यानेजमेण्ट | जनकपुर इन्जिनियरिङ कलेज | ख्वप कलेज अफ कलेज अफ इन्जिनियरिङ | सगरमाथा इन्जिनियरिङ कलेज | ललितपुर इन्जिनियरिङ कलेज |
| | भर्ना संख्या | भर्ना संख्या | भर्ना संख्या | भर्ना संख्या | भर्ना संख्या | भर्ना संख्या | भर्ना संख्या | भर्ना संख्या | भर्ना संख्या | भर्ना संख्या |
| सिभिल | ९६ | ९६ | ९६ | ९६ | ९६ | ९६ | ९६ | ९६ | ४८ | ४८ |
| आर्किटक्चर | - | ४८ | ४८ | - | - | - | - | | - | - |
| इलेक्ट्रिकल | - | ४८ | - | ४८ | ४८ | - | - | ४८ | - | - |
| इलेक्ट्रोनिक्स, कम्युनिकेशन एण्ड इन्फरमेशन | ९६ | ९६ | ४८ | ९६ | ४८ | ४८ | ४८ | - | ४८ | - |
| कम्प्युटर | ९६ | ९६ | ४८ | ९६ | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ |
| **जम्मा** | **२८८** | **३८४** | **२४०** | **३३६** | **२४०** | **१९२** | **१९२** | **१९२** | **१४४** | **९६** |
| | | | | | **कुल जम्मा** | | | | | **२३०४** |

**द्रष्टव्यः**

क) आंगिक क्याम्पसहरूले पहिलो चरणको भर्नाका लागि आवेदन माग गर्दा कुनै कार्यक्रमका लागि पूर्णशुल्कीय तर्फ निर्धारण गरिएको सीट संख्या भन्दा सो कार्यक्रमको पूर्णशुल्कीय तर्फ पहिलो प्राथमिकता दिने आवेदकको संख्या कम भएको खण्डमा, क्याम्पसको भर्ना समितिले यस्ता कार्यक्रमको पहिचान गरी भर्ना क्षमता २४ (नियमित ६ / पूर्णशुल्कीय १८) वा ४८ (नियमित १२ / पूर्णशुल्कीय ३६) कायम गरि तोकिएको आरक्षण कोटा नियमित तर्फ समावेश गरि भर्ना प्रक्रिया अगाडी बढाउन सक्नेछ।

ख) आंगिक क्याम्पसको हकमा प्रथम चरणको भर्ना कार्यक्रम (प्रथम, दोस्रो तथा तेस्रो भर्ना सूची) भित्रमा कुनै पनि कार्यक्रममा पूर्णशुल्कीय र प्रायोजित कोटातर्फको ६०% कोटा नभरिएको खण्डमा सम्बन्धित क्याम्पसले सो कार्यक्रमलाई त्यस वर्षको निम्ति स्थगन गर्न सक्नेछ। त्यस्तो अवस्थामा भर्ना शुल्क पूरै फिर्ता गर्नुपर्नेछ ।

### २.८ आङ्गिक क्याम्पसहरूको भर्ना-व्यवस्था

पुल्चोक क्याम्पस पुल्चोक, पश्चिमाञ्चल क्याम्पस पोखरा, पूर्वाञ्चल क्याम्पस धरान, थापाथली क्याम्पस, थापाथली र चितवन इन्जिनियरिङ क्याम्पस, **चितवन**मा निम्न दुई किसिमको शिक्षण शुल्क लिने गरी आवेदकहरू भर्ना गरिने व्यवस्था छ : १) नियमित-भर्ना र २) पूर्णशुल्कीय-भर्ना। नियमित विद्यार्थीको रूपमा भर्ना पाएका विद्यार्थीहरुले न्यूनतम शिक्षण-शुल्क तिर्नेछन् र बाँकी आवेदकले पूर्णशुल्कीय कार्यक्रमअन्तर्गतको शुल्क तिरी भर्ना हुन सक्नेछन्। नियमित र पूर्णशुल्कीय कार्यक्रमको शुल्क-विवरण बुँदा ९ मा दिइएको छ।

## ३. स्नातक (बी.ई./बी.आर्क.) तहको प्रवेश-प्रक्रिया

इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गत पुल्चोक क्याम्पस, पश्चिमाञ्चल क्याम्पस, पूर्वाञ्चल क्याम्पस, थापाथली क्याम्पस, चितवन इन्जिनियरिङ क्याम्पस तथा त्रि.वि.बाट सम्बन्धन प्राप्त कलेजहरूमा भर्ना भई अध्ययन गर्न चाहने आवेदकहरूले अनिवार्य रूपमा इन्जिनियरिङ अध्ययन संस्थानले सञ्चालन गरेको प्रवेश-परीक्षा दिई इ.अ.सं. विद्यापरिषद्ले तोके अनुसार न्यूनतम् वा सो भन्दा बढी प्राप्ताङ्क प्राप्त गरी इ.अ.सं. प्रवेश-परीक्षाको योग्यताक्रम (Merit List) भित्र पर्नुपर्नेछ ।

### ३.१ प्रवेश-परीक्षाको आवेदनका लागि न्यूनतम योग्यता

त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण-संस्थाबाट भौतिक शास्त्र, रसायन शास्त्र तथा कक्षा ११ र १२ मा गणित विषय लिई प्रवीणता प्रमाणपत्र तह, उच्च माध्यमिक तह, A Level वा इन्जिनियरिंग डिप्लोमा तह वा सो सरहको परीक्षामा कूल पूर्णाङ्कको कम्तिमा ४५% र Letter Grading भएमा **NEB** को हकमा प्रत्येक बिषयहरुमा **Final Grade** मा न्युनतम **C Grade** प्राप्त गरी उत्तीर्ण गरेका वा कक्षा १२ वा सो सरहको अन्तिम परीक्षामा सम्मिलित भएका वा इन्जिनियरिङ डिप्लोमाको छैठों सेमेष्टरको परीक्षामा सम्मिलित भएका विद्यार्थीहरूले समेत आवेदन दिई प्रवेश परीक्षामा सहभागी हुन पाउनेछन् ।

### ३.२ सूचना प्रबिधिको आधारमा कम्प्युटर परीक्षा प्रणालीको बिधिबाट संचालन गरिने प्रवेश-परीक्षा

३.२.१ स्नातक (बी.ई./बी.आर्क.) तहको प्रवेश-परीक्षा इ.अ.सं. प्रवेश परीक्षा बोर्डले संचालन गर्नेछ।

३.२.२ प्रवेश-परीक्षा तोकिएको मिति एवम् समयमा नै हुनेछ ।

३.२.३ प्रवेश-परीक्षाको नतीजाको अङ्कभार १०० प्रतिशतमा हुनेछ ।

३.२.४ प्रवेश-परीक्षामा सम्मिलित भई योग्यताक्रममा नाम निस्केका आवेदकहरूलाई मात्र क्याम्पसमा भर्नाको लागि आवेदन दिन योग्य मानिनेछ।

३.२.५ १०+२ स्तरको पाठ्यक्रमको आधारमा इ.अ.सं. ले तयार गरेको पाठ्यक्रम अनुसार गणित, भौतिकशास्त्र, रसायन शास्त्र र अंग्रेजी गरी चार विषयको प्रवेश-परीक्षा लिइनेछ ।

३.२.६ पूर्ण कम्प्युटर परीक्षा प्रणालीको विधिबाट लिइने प्रबेश-परीक्षाको समय दुई घण्टा हुनेछ। **गलत उत्तरको लागि १०% अंक घटाइनेछ।**

३.२.७ प्रवेश-परीक्षामा **Color Print** भएको प्रवेशपत्र (Admit Card) का साथमा Online Admission फर्म भर्दा Upload गरेको Identification Document को सक्कल प्रमाण पत्र (**नागरिकता प्रमाण पत्र, राष्ट्रिय परिचय पत्र, पासपोर्ट, सवारी चालक अनुमति पत्र, *I.Sc/ 10+2/Engg. Diploma को अन्तिम वर्ष / सेमेष्टरको***

***परीक्षाको प्रवेश पत्र* मध्ये कुनै एक**) अनिवार्य रूपमा ल्याउनु पर्नेछ । यी कागजात विना प्रवेश परीक्षामा सम्मिलित गराइने छैन ।

### ३.३ प्रवेश-परीक्षाको नतिजा प्रकाशन :

३.३.१ प्रवेश-परीक्षाको कूल प्राप्ताङ्कलाई प्रवेश परीक्षाको प्राप्ताङ्क (Entrance Score) कायम गरिनेछ । सोही प्रवेश प्राप्ताङ्कको आधारमा प्रवेश-परीक्षाको लागि इ.अ.सं. ले तोकेको न्यूनतम उत्तीर्णाङ्क र सोभन्दा बढी प्राप्ताङ्क भएकाहरूको योग्यताक्रम सूची (Merit List) **Website: https://entrance.ioe.edu.np** मा प्रकाशन गरिनेछ ।

३.३.२ भर्ना सम्बन्धी कार्यको जानकारी केन्द्रिय भर्ना समितिको web address:**admission.ioe.edu.np** तथा सम्बन्धित क्याम्पस/कलेजहरुबाट पनि प्राप्तगर्न सकिनेछ ।

## ४. छनोटको आधार र सूची-प्रकाशन

प्रवेश-परीक्षाको कूल प्राप्ताङ्क-प्रतिशतलाई प्रवेश-प्राप्ताङ्क (Entrance Score) कायम गरिनेछ । सोही प्रवेश-प्राप्ताङ्कको आधारमा भर्नाको लागि योग्यताक्रमको सूची (Merit List) प्रकाशित गरिनेछ । सो योग्यता क्रममा इ.अ.सं.ले तोकेको प्रवेश-परीक्षाको न्यूनतम प्राप्ताङ्क-प्रतिशत वा सोभन्दा बढी प्राप्ताङ्क भएका परीक्षार्थीहरूको मात्र नाम समावेश गरिनेछ । सूची प्रकाशित गर्दा दुई वा दुईभन्दा बढी आवेदकहरूको प्रवेश-प्राप्ताङ्क (Entrance Score) बराबर भएमा कुल प्राप्ताङ्कको दशमलव पछि ३ अङ्कको गणना गरिनेछ । यसो गर्दा जसको अङ्क बढी हुन्छ, उसैको नाम प्राथमिकताक्रमानुसार प्रकाशित गरिनेछ । यसो गर्दा पनि प्राप्ताङ्क बराबर भएमा प्रवेश-परीक्षामा क्रमशः गणित, भौतिकशास्त्र, रसायनशास्त्र र अंग्रेजी विषयहरूको प्राप्ताङ्क जसको बढी आएको हुन्छ उसैको नाम प्रकाशित गरिनेछ । त्यसपछि पनि प्राप्ताङ्क बराबर भएमा १०+२ वा सो सरहको तथा SLC/SEE को प्राप्ताङ्क क्रमशः जसको बढी हुन्छ उसको नाम योग्यता क्रममा अगाडी राखिने छ ।

## ५. इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतका आङ्गिक तथा त्रि.वि. बाट सम्बन्धन प्राप्त क्याम्पस र कलेजहरूको भर्ना सूची प्रकाशन र भर्ना प्रक्रिया

५.१ इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतका आङ्गिक तथा त्रि.वि. बाट सम्बन्धन प्राप्त क्याम्पस र कलेजहरूको भर्ना सूची प्रकाशन र भर्ना प्रक्रिया इ.अ.सं. केन्द्रिकृत भर्ना अनुगमन समितिले प्रकाशित गरे अनुसार हुनेछ । सो सम्बन्धी सबै जानकारी **admission.ioe.edu.np** मा पछि हेर्न सकिनेछ ।

५.२ भर्नाका लागि इ.अ.सं. प्रवेश परीक्षा बोर्डद्वारा प्रकाशित योग्यताक्रमको सूचीमा नाम प्रकाशित भएकाहरू मध्येबाट इ.अ.सं., केन्द्रिकृत भर्ना अनुगमन समितिले प्रकाशित गरेको भर्ना कार्यक्रम अनुसार सम्बन्धित क्याम्पस/कलेजहरूले आ-आफ्नो क्याम्पस/कलेजमा पठन पाठन हुने विषयहरूमा आवेदन माग गरी योग्यताक्रम अनुसार भर्नाको सूची प्रकाशित गर्नु पर्नेछ । आर्किटेक्चर कार्यक्रममा भर्नाका लागि नाम प्रकाशित भएका आवेदकहरुलाई सम्बन्धित क्याम्पस/कलेजहरुले सो बिषय संग सम्बन्धित झुकाव परीक्षा **(Aptitude Test)** लिन सक्नेछन् ।

५.३ त्रि.वि.को आङ्गिक क्याम्पसहरुका लागि कुनै पनि आरक्षित कोटामा आवेदन दिई भर्ना हुन चाहने आवेदकहरुको नाम योग्यताक्रमको आधारमा प्रथम चरणको भर्ना कार्यक्रम (प्रथम, दोस्रो तथा तेस्रो भर्ना सूची) का लागि मात्र प्रकाशित गरिनेछ । **तर एक क्याम्पसमा आरक्षित कोटामा भर्ना भइसकेको आवेदक अर्को क्याम्पसमा आरक्षित कोटामा पछि फेरि भर्ना हुन पाउने छैनन्।**

## ६. आङ्गिक क्याम्पसहरूका विभिन्न कोटा र सुरक्षित स्थान

**आङ्गिक क्याम्पसहरुमा तल उल्लेखित बुँदा ६.१ देखि ६.५ मा भएका विभिन्न कोटा र सुरक्षित स्थानहरुमा भर्ना हुन चाहने परीक्षार्थीहरुले बुँदा ६.१ देखि ६.५ मा उल्लेखित आवश्यक सम्पूर्ण कागजातहरु इ०अ०सं० प्रवेश**

**परीक्षाको नतीजा प्रकाशित भएको मितिले ५ दिन भित्र इ०अ०सं० ले तोकेको स्थानमा पेश गरिसक्नु पर्नेछ । उक्त मिति पछि प्राप्त परीक्षार्थीहरुको कागजातहरुमा कुनै पनि कारवाही गरिनेछैन ।**

## ६.१ महिला कोटा

नियमित तथा पूर्णशुल्कीय कार्यक्रमहरूमा १०% स्थान महिला आवेदकहरूलाई सुरक्षित गरिएको छ । प्रकाशित भर्ना-सूचीमा १० % महिला आवेदक छनोट नभएको खण्डमा न्यूनतम योग्यता पुगेका महिला आवेदकहरूमध्येबाट योग्यताक्रमको आधारमा १०% महिला आवेदकहरूको नाम भर्ना-सूचीमा प्रकाशित गरिनेछ ।

**आङ्गिक क्याम्पसहरूको विभिन्न कार्यक्रमहरूमा महिलाहरूका लागि छुट्याइएको कोटा निम्न बमोजिम हुनेछ :**

| सि.नं. | कार्यक्रम | पुल्चोक क्याम्पस | | पश्चिमाञ्चल क्याम्पस | | पूर्वाञ्चल क्याम्पस | | थापाथली क्याम्पस | | चितवन इन्जिनियरिंग क्याम्पस | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नियमित (संख्या) | पूर्णशुल्कीय (संख्या) | नियमित (संख्या) | पूर्णशुल्कीय (संख्या) | नियमित (संख्या) | पूर्णशुल्कीय (संख्या) | नियमित (संख्या) | पूर्णशुल्कीय (संख्या) | नियमित (संख्या) | पूर्णशुल्कीय (संख्या) |
| १ | सिभिल | ११ | ८ | ३ | १० | ३ | १० | ३ | १० | – | – |
| २ | इलेक्ट्रिकल | ३ | ६ | १ | ४ | १ | ४ | – | – | – | – |
| ३ | इलेक्ट्रोनिक्स, कम्युनिकेशन एण्ड इन्फरमेशन | ३ | ३ | १ | ४ | १ | ४ | १ | ४ | – | – |
| ४ | कम्प्युटर | ३ | ६ | १ | ४ | २ | ७ | १ | ४ | – | – |
| ५ | मेकानिकल | २ | २ | १ | ४ | २ | ७ | १ | ४ | – | – |
| ६ | आर्किटेक्चर | २ | २ | – | – | १ | ४ | १ | ४ | १ | २ |
| ७ | एग्रिकल्चर | – | – | – | – | १ | ४ | – | – | – | – |
| ८ | इन्डस्ट्रियल | – | – | – | – | – | – | १ | ४ | – | – |
| ९ | जियोमेटिक्स | – | – | १ | ४ | – | – | – | – | – | – |
| १० | अटोमोवाइल इन्जिनियरिङ | – | – | १ | ४ | – | – | १ | ४ | – | – |
| ११ | एरोस्पेस इन्जिनियरिङ | १ | ४ | – | – | – | – | – | – | – | – |
| १२ | केमिकल इन्जिनियरिङ | १ | ४ | – | – | – | – | – | – | – | – |
| **जम्मा** | | २६ | ३५ | ९ | ३४ | ११ | ४० | ९ | ३४ | १ | २ |

## ६.२ शिक्षक/कर्मचारी कोटा

**यस** शिक्षक/कर्मचारी कोटा**मा तपशिलमा उल्लेखित क्रमानुसार भर्ना गरिनेछ ।**

क) इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गत स्थायी नियुक्ति पाई कार्यरत परीक्षणकाल हटिसकेका शिक्षक वा कर्मचारीको आत्मोन्नतिका लागि बी.ई./बी.आर्क. तहमा इ.अ.सं.का क्याम्पसहरुमा जम्मा दुई (२) स्थान सुरक्षित गरिएको छ । कुनै शिक्षक/कर्मचारीको आवेदन नपरेको खण्डमा उक्त रिक्त स्थानमा इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतका क्याम्पसहरुमा स्थायी नियुक्ति पाई परीक्षणकाल हटिसकेका शिक्षकका छोरा/छोरीहरू वा कम्तिमा एक वर्ष देखि इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतका निकायहरुमा कार्यरत स्थायी कर्मचारीहरूका छोरा/छोरीहरूलाई योग्यताक्रमानुसार भर्ना गरिनेछ ।

ख) इन्जिनियरिङ अध्ययन संस्थान विद्यापरिषद् स्थायी समितिको मिति २०७८।०७।१५ गते बसेको बैठक नं. ३५१ को निर्णय नं. १ अनुसार त्रि. वि. र त्रि. वि. इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गत कार्यरत स्थायी शिक्षक / कर्मचारी तथा शिक्षक / कर्मचारीको छोराछोरी समेतको लागि स्नातक तहमा जम्मा दुई (२) सीट छात्रवृत्तिको (नियमित) व्यवस्था गरिएको छ । यस्तो सीटमा आवेदकहरुलाई योग्यताक्रमानुसार भर्ना गरिने छ।

## ६.३ समावेशी विपन्न आरक्षण कोटा

क) त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० को ११(क) तथा ११(ख) मा तोकिए बमोजिम नियमित तर्फका कुल सिटहरुमध्ये बीस प्रतिशत सिट विपन्न देहायका समुदायका व्यक्तिलाई आरक्षण गरिएको छ ।

ख) समावेशी आधारमा भर्ना लिईने बीस प्रतिशत कोटालाई सतप्रतिशत मानी निम्नानुसार आरक्षण कोटा सुरक्षित गरिएको छ ।

- महिला २०% मध्ये ३% दलित महिलालाई र २% मुस्लिम महिलालाई छुट्याईनेछ ।
- जनजाति १६%
- मधेसी १४% मध्ये ३% मधेसी दलित महिलालाई छुट्याईनेछ ।
- दलित ९%
- अपाङ्ग ९%
- पिछडिएको दुर्गम क्षेत्र ७ %
- मुस्लिम ७ %
- थारु १०%
- अन्य ८ %

**जम्मा १००%**

**(ग)** त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० को ११क तथा ११ख एवम् त्रिभुवन विश्वविद्यालयको आरक्षण सम्बन्धी सिटमा भर्ना गर्ने विनियम २०७४ अनुसार यस इ. अ. सं. अन्तर्गतका आंगिक क्याम्पसहरुमा समावेशी आधारमा भर्ना लिइने सिटहरु निम्न बमोजिम हुनेछन् ।

| पुल्चोक क्याम्पस | | संख्या | महिला | आदिबासी, जनजाती | मधेसी | दलित | अपाङ्ग | पिछडिएको दुर्गम क्षेत्र | मुस्लिम | थारू | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिभिल | २२ | ४ | ३ | ३ | २ | २ | २ | २ | २ | २ |
| २ | इलेक्ट्रिकल | ७ | १ | १ | १ | १ | १ | – | – | १ | १ |
| ३ | इलेक्ट्रोनिक्स, कम्युनिकेशन एण्ड इन्फरमेशन | ५ | १ | १ | १ | १ | – | – | – | १ | – |
| ४ | कम्प्युटर | ७ | १ | १ | १ | १ | १ | – | – | १ | १ |
| ५ | मेकानिकल | ५ | १ | १ | १ | १ | – | – | – | १ | – |
| ६ | आर्किटेक्चर | ५ | १ | १ | १ | १ | – | – | – | १ | – |
| ७ | एरोस्पेश | २ | १ | १ | – | – | – | – | – | – | – |
| ८ | केमिकल | २ | १ | १ | – | – | – | – | – | – | – |

| पश्चिमाञ्चल क्याम्पस | | संख्या | महिला | आदिबासी, जनजाती | मधेसी | दलित | अपाङ्ग | पिछडिएको दुर्गम क्षेत्र | मुस्लिम | थारू | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिभिल | ७ | १ | १ | १ | १ | १ | – | – | १ | १ |
| २ | इलेक्ट्रिकल | २ | १ | १ | – | – | – | – | – | – | – |
| ३ | इलेक्ट्रोनिक्स, कम्युनिकेशन एण्ड इन्फरमेशन | २ | १ | १ | – | – | – | – | – | – | – |
| ४ | कम्प्युटर | २ | १ | १ | – | – | – | – | – | – | – |
| ५ | मेकानिकल | २ | १ | १ | – | – | – | – | – | – | – |
| ६ | जियोमेटिक्स | २ | १ | १ | – | – | – | – | – | – | – |
| ७ | अटोमोवाइल | २ | १ | १ | – | – | – | – | – | – | – |

| पूर्वाञ्चल क्याम्पस | | संख्या | महिला | आदिबासी, जनजाती | मधेसी | दलित | अपाङ्ग | पिछडिएको दुर्गम क्षेत्र | मुस्लिम | थारू | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिभिल | ७ | १ | १ | १ | १ | १ | – | – | १ | १ |
| २ | इलेक्ट्रिकल | २ | १ | १ | – | – | – | – | – | – | – |
| ३ | इलेक्ट्रोनिक्स, कम्युनिकेशन एण्ड इन्फरमेशन | २ | १ | १ | – | – | – | – | – | – | – |
| ४ | कम्प्युटर | ५ | १ | १ | १ | १ | – | – | – | १ | – |
| ५ | मेकानिकल | ५ | १ | १ | १ | १ | – | – | – | १ | – |
| ६ | आर्किटेक्चर | २ | १ | १ | – | – | – | – | – | – | – |
| ७ | एग्रिकल्चर | २ | १ | १ | – | – | – | – | – | – | – |

| थापाथली क्याम्पस | | संख्या | महिला | आदिबासी, जनजाती | मधेसी | दलित | अपाङ्ग | पिछडिएको दुर्गम क्षेत्र | मुस्लिम | थारू | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिभिल | ७ | १ | १ | १ | १ | १ | – | – | १ | १ |
| २ | इलेक्ट्रोनिक्स, कम्युनिकेशन एण्ड इन्फरमेशन | २ | १ | १ | – | – | – | – | – | – | – |
| ३ | मेकानिकल | २ | १ | १ | – | – | – | – | – | – | – |
| ४ | आर्किटेक्चर | २ | १ | १ | – | – | – | – | – | – | – |
| ५ | इण्डष्ट्रियल | २ | १ | १ | – | – | – | – | – | – | – |
| ६ | अटोमोवाईल ई. | २ | १ | १ | – | – | – | – | – | – | – |
| ७ | कम्प्युटर | २ | १ | १ | – | – | – | – | – | – | – |

| चितवन इन्जिनियरिंग क्याम्पस | | संख्या | महिला | आदिबासी, जनजाती | मधेसी | दलित | अपाङ्ग | पिछडिएको दुर्गम क्षेत्र | मुस्लिम | थारू | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आर्किटेक्चर | १ | १ | – | – | – | – | – | – | – | – |

**द्रष्टब्यः**

- कुनै आवेदकले खुल्ला सहित एक भन्दा बढी आरक्षण कोटामा आवेदन दिएमा माथि दिइएको विपन्न कोटाको क्रमानुसार पछिल्लो कोटालाई प्रथम प्राथमिकता र त्यस भन्दा अगाडिको कोटाहरूको प्राथमिकता घट्दो क्रममा राखि खुल्लालाई अन्तिम प्राथमिकतामा राखेर भर्ना सुचीमा नाम प्रकाशन गरिनेछ । जस्तै कुनै आवेदकले खुल्ला सहित महिला तथा जनजाति दुवै कोटामा आवेदन गरेको खण्डमा निजको जनजाति कोटामा स्वतः प्रथम प्राथमिकता तथा त्यसपछि महिला कोटामा प्राथमिकता हुनेछ तत् पश्चात मात्र निजको खुल्ला तर्फ प्राथमिकता हुनेछ ।
- आरक्षित कोटामा आवेदन दिने आवेदकहरुबाट उक्त कोटाहरु नभरिएको खण्डमा खुल्ला आवेदकहरुको नाम भर्ना सूचीमा प्रकाशित गरिनेछ ।

ग) आरक्षण कोटामा भर्ना हुन चाहने आवेदक इ. अ. सं. प्रवेश परीक्षा बोर्डले संचालन गरेको प्रवेश परीक्षामा अनिवार्य उत्तीर्ण भएको हुनुपर्नेछ । भर्ना सूची प्रकाशन गर्दा प्रवेश परीक्षाको नतिजाको योग्यताक्रमको आधारमा गरिनेछ ।

घ) आरक्षण सुविधा कुनै आवेदकले कुनै पनि एक तहमा मात्र उपभोग गर्न पाउनेछ ।

ङ) आरक्षण कोटामा भर्ना हुन चाहने आवेदकहरुले निम्न अनुसार कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१. उम्मेदवारले अनिवार्य रुपमा सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरेको हुनुपर्नेछ । यसको प्रमाण स्वरुप कक्षा आठ, नौ तथा एस.एल.सी./एस.ई.ई. तहको लब्धाङ्कपत्र तथा उक्त विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनी सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा आफ्नो क्षेत्राधिकार भित्रको शिक्षा सम्बन्धी हेर्ने सम्बन्धित सरकारी निकायबाट प्राप्त प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

२. कक्षा ११ र १२ वा सो सरहको तहमा सामुदायिक वा सरकारी बिद्यालय वा त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसमा अध्ययन गरेको हुनुपर्ने अथवा नेपाल सरकार वा नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट छात्रवृत्ति प्राप्त गरेको हुनुपर्नेछ । यसको प्रमाण स्वरुप कक्षा ११ र १२ को लब्धाङ्कपत्र **(Transcript)** तथा उक्त विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनी सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा आफ्नो क्षेत्राधिकार भित्रको शिक्षा सम्बन्धी हेर्ने सम्बन्धित सरकारी निकायबाट प्राप्त प्रमाण पत्र तथा छात्रबृत्ति प्राप्त गरेको भए शिक्षा सम्बन्धी हेर्ने सम्बन्धित सरकारी निकायले निज छात्रबृत्तिमा अध्ययन गरेको प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

३. कक्षा ११ र १२ वा सो सरहको तहमा न्यूनतम ४५ प्रतिशत तथा **NEB** को हकमा सवै बिषयहरुमा **Final Grade** मा न्युनतम **C Grade** प्राप्त गरी नियमित रुपमै (पहिलो प्रयासमै) उत्तीर्ण भएको हुनु पर्नेछ । तसर्थ यस कोटामा आवेदन गर्न चाहने उम्मेदवारले कक्षा ११ र १२ वा सो सरहको परीक्षाको marksheet/transcript अनिवार्य रुपमा पेस गर्नुपर्नेछ ।

४. समानुपातिक समावेशी कोटामा आरक्षणको आधारमा भर्ना हुने विपन्न आवेदकले सम्बन्धित गाउँपालिका वा नगरपालिकाको तोकिए बमोजिम निकायले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप न्यून आयश्रोत भई गरिबीको रेखामुनि परेको भनी प्रमाण सहित आधार र कारण समेत उल्लेख गरी सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
**द्रष्टब्यः** त्रि. बि अन्तर्गतका आंगिक क्याम्पसहरुमा आरक्षण सम्वन्धी सिटमा भर्ना गर्ने सम्वन्धी विनियम, २०७४ अनुसार बिपन्न ब्यक्तिको परिभाषा निम्नानुसार रहेको ।

**नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप न्यून आयश्रोत भई गरिबीको रेखामुनी परेको भनी प्रमाणपत्र बितरण नगरेका जिल्लाको हकमा आर्थिक बिपन्न ब्यक्ति भन्नाले बार्षिक पारिवारिक आय पचास हजार रुँपैया भन्दा कम भएको भनी सम्वन्धीत स्थानीय तहले प्रमाणित आधार र कारण समेत उल्लेख गरी सिफारीस गरेको ब्यक्ति सम्झनु पर्छ ।**

५. समानुपातिक समावेशी कोटामा आरक्षणको आधारमा भर्ना हुने विपन्न आवेदकहरुमध्ये अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित सरकारी निकायबाट, आदिवासी/जनजातीले आदिवासी/जनजाती उत्थान राष्टिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धित गाउँपालिका तथा नगरपालिकाबाट, मधेशी समुदाय, थारु समुदाय तथा मुश्लीम समुदायका व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सोको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

च) पूर्णशुल्कीय तर्फको आवेदकले यस आरक्षण कोटामा आवेदन दिएको खण्डमा उक्त आरक्षण कोटाको आवेदन स्वतः रद्द हुनेछ ।

छ) आरक्षण प्राप्त गर्ने व्यक्तिले झुठो विवरण पेश गरी आरक्षण सुविधा लिएको प्रमाणित भएमा निजको भर्ना रद्द गरी कानून बमोजिम कारवाही हुनेछ ।

ज) यस आरक्षण कोटामा भर्ना हुने विद्यार्थीलाई लाग्ने सम्पूर्ण शुल्क नियमित विद्यार्थी सरहको हुनेछ ।

झ) यस आरक्षण कोटाको लागि आवश्यक सम्पूर्ण कागजातहरु प्रथम चरणको भर्ना कार्यक्रमको (प्रथम, दोस्रो तथा तेस्रो भर्ना सूची) सूची प्रकाशन पूर्व आवेदन माग गरेको मिति भित्र पेश भइ सक्नुपर्ने छ ।

## ६.४ सरकारी र सरकारी स्वामित्व भएका संस्थाहरूका लागि सुरक्षित कोटा

क) सरकारी कार्यालय र सरकारी स्वामित्व रहेका संस्थानहरूमा कार्यरत कर्मचारीलाई सम्बन्धित संस्थाले प्रायोजन गरी अध्ययन गराउन चाहेमा इ.अ.सं.अन्तर्गतका आगिंक क्याम्पसहरुका पुर्णशुल्कीय कार्यक्रमहरुमा भर्ना संख्याको १/१२ वरावरको सिट सुरक्षित गरिएको छ । यसरी प्रायोजित कोटा अर्न्तगत भर्ना हुन चाहने आवेदकले तोकिएको मिति भित्र आवेदन फारम साथ स्नातक तहको पुर्णशुल्किय कार्यक्रममा ४ वर्षको लागि (आर्किटेक्चरमा भए ५ वर्षका लागि) सम्मिलित हुन सक्ने विभागीय स्वीकृति पत्र तथा प्रायोजन गर्ने पत्रको सक्कल प्रति पेश गर्नु पर्नेछ । प्रायोजन गर्ने संस्था जिल्ला स्तरिय हुनु पर्ने वा उक्त संस्था जिल्लास्तरीय संस्थाद्वारा सिफारिश भएको हुनु पर्नेछ ।

ख) नेपाल सरकारवाट सूचिकृत गरिएका दलित, जाती, जनजाती जस्ता जातीय, भौगोलिक वा आर्थिक हिसावले उपेक्षित वर्ग समुदायका नियमित भर्ना तर्फ नपरेका व्यक्तिलाई सरकारी निकायले प्रायोजन गरी शुल्क तिरी पढाउन चाहेमा इ.अ.स. अन्तर्गतका आगिंक क्याम्पसहरुका पुर्ण शुल्किय कार्यक्रमहरुमा भर्ना संख्याको १/१२ बराबरको सिट सुरक्षित गरीएको छ । यस अन्तर्गतका आवेदकहरुलाई प्रायोजन गर्ने सरकारी कार्यालय जिल्ला स्तरिय हुनु पर्ने वा जिल्लास्तरीय संस्थाद्धारा सिफारिस गरेको हुनु पर्ने छ र उक्तपत्रको सक्कल प्रति पेश गर्नु पर्ने छ । यसको लागि उम्मेदवारले अनिवार्य रुपमा सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरेको हुनुपर्नेछ । यसको प्रमाण स्वरुप कक्षा आठ तथा एस.एल.सी./एस.ई.ई. तहको लब्धाङ्कपत्र तथा उक्त विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनी सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा आफ्नो क्षेत्राधिकार भित्रको शिक्षा सम्बन्धी हेर्ने सम्बन्धित सरकारी निकाय बाट प्राप्त प्रमाण पत्र पेश गर्नुपर्नेछ । साथै कक्षा ११ र १२ वा सो सरहको तहमा अध्ययन गर्दा सामुदायिक वा त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसमा गरेको हुनुपर्नेछ । अथवा नेपाल सरकार वा नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट छात्रवृत्ति प्राप्त गरेको हुनुपर्नेछ । यसको प्रमाण स्वरुप कक्षा ११ र १२ तहको लब्धाङ्कपत्र तथा उक्त विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनी सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा आफ्नो क्षेत्राधिकार भित्रको शिक्षा सम्बन्धी हेर्ने सम्बन्धित सरकारी निकाय बाट प्राप्त प्रमाण पत्र पेश गर्नुपर्नेछ । तथा छात्रबृत्ति प्राप्त गरेको भए शिक्षा सम्वन्धी सम्बन्धित सरकारी निकायले निज छात्रबृत्तिमा अध्ययन गरेको प्रमाण पत्र पेश गर्नुपर्नेछ । यस अन्तर्गतको कोटामा आवेदन दिने आवेदकहरूले प्रायोजन गर्ने संस्थाको निर्णयको प्रतिलिपि सहित मनोनयन-पत्र र प्रायोजित गर्ने पत्रको सक्कल प्रति समेत आवेदनसाथ पेस गर्नुपर्नेछ ।

उपरोक्त दुवै प्रावधान अनुसार भर्ना हुनको लागि इ.अ.सं. बाट संचालित प्रवेश परीक्षामा उत्तीर्ण भएको हुनुपर्नेछ । यस्ता संस्थाहरूबाट प्रायोजित आवेदकहरूबीचको प्रतिस्पर्धाको आधारमा यी सिटहरूमा भर्ना गरिनेछ । यसरी छुटयाइएको कोटा पूर्ति नभएमा पुर्णशुल्कीय कार्यक्रममा आवेदन दिने मध्येबाट योग्यताक्रमानुसार भर्ना गरिनेछ । सरकारी कार्यालय तथा सरकारी स्वामित्व भएका संस्थाहरुको सुरक्षित कोटामा भर्ना हुनका लागि प्रायोजन गर्ने संस्थाको चेकबाट मात्र भुक्तानी स्वीकार गरिनेछ ।

यस सम्बन्धी आवश्यक सम्पूर्ण कागजातहरु प्रथम चरणको भर्ना कार्यक्रमको (प्रथम, दोस्रो तथा तेस्रो भर्ना सूची) सूची प्रकाशन पूर्व आवेदन माग गरेको मिति भित्र पेश भइ सक्नुपर्ने छ ।

## ६.५ विदेशी नागरिकहरूका लागि सुरक्षित कोटा

इ.अ.सं.अन्तर्गत संचालित आंगीक क्याम्पसहरुमा पूर्णशुल्कीय कार्यक्रमको पूर्णशुल्कीय सिटको १/१२ अंश बराबरको सिट विदेशी नागरिकहरूको लागि सुरक्षित गरिएको छ ।

विदेशी विद्यार्थीहरुको प्रवेश परीक्षा निम्न अनुसारको हुनेछ :

| क्र.सं. | बिदेशी विद्यार्थीको किसिम | प्रवेश परीक्षाको किसिम |
|---|---|---|
| १) | नेपालकै क्याम्पस/उच्च माध्यमिक बिद्यालयमा अध्ययन गरी आएका विदेशी बिद्यार्थीहरु | अध्ययन संस्थानले संचालन गर्ने नेपाली विद्यार्थीहरु सरह प्रवेश परीक्षामा सामेल भई उत्तीर्ण हुनुपर्नेछ । |
| २) | SAARC देशका बिदेशी विद्यार्थीहरु | अध्ययन संस्थानको प्रवेश परीक्षा बोर्डले तोकेको परीक्षामा सामेल भई उत्तीर्ण हुनुपर्नेछ । |

| | | |
|---|---|---|
| ३) | SAARC देश बाहेकका अन्य बिदेशी बिद्यार्थीहरु | अध्ययन संस्थानको प्रवेश परीक्षा बोर्डको स्वीकृतिलिई भर्ना गर्न सकिनेछ । |

माथि उल्लेखित प्रवेश परीक्षामा न्यूनत्तम योग्यता पुरा गरी उत्तीर्ण भएका आवेदकहरु यस अध्ययन संस्थान अन्तर्गतका आगिंक क्याम्पसहरुमा भर्नाको लागि योग्य हुनेछन् ।

## ७. भर्ना हुँदा पेश गर्नुपर्ने कागजपत्रहरू

७.१ भर्नाका लागि नाम प्रकाशित भएका आवेदकहरूले निम्नलिखित कागजपत्रहरूका साथ आफैं वा आफ्नो प्रतिनिधिमार्फत तोकिएको मितिभित्र भर्ना हुनुपर्नेछ ।

- प्रवेशिका (एस.एल.सी.) वा सो सरहको परीक्षाको लब्धाङ्कपत्र, सम्वन्धित वोर्डले प्रदान गरेको प्रमाणपत्र वा Provisional Certificate र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति ।
- मान्यता प्राप्त शिक्षण-संस्थाबाट भौतिक शास्त्र, रसायन शास्त्र तथा ११ र १२ कक्षामा गणित विषय लिई प्रवीणता प्रमाणपत्र तह, उच्च माध्यमिक तह वा A Level वा इन्जिनियरिंङ डिप्लोमा तह वा सो सरहको परीक्षामा कूल पूर्णाङ्कको कम्तिमा ४५%तथा **Letter Grading** भएमा **NEB** को हकमा सवै बिषयहरुमा **Final Grade** मा न्युनतम **C Grade** प्राप्त गरी उत्तीर्ण गरेको लब्धाङ्कपत्र **(Transcript),** सम्वन्धित वोर्डले प्रदान गरेको प्रमाणपत्र वा Provisional Certificate र चारित्रिक प्रमाणपत्रहरूको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति ।
- नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।
- त्रि.वि.बाहेक अन्य विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तह वा राष्ट्रिय परीक्षा बोर्ड/उच्च मा. वि. परिषद् बाहेक अन्य बोर्डबाट १०+२ वा सो सरहकोपरीक्षा उत्तीर्ण गर्नेहरूले सम्वन्धित निकायबाट समकक्षताको प्रमाण पत्र, सम्बन्धित बोर्डको माइग्रेसन सर्टिफिकेटको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति ।

७.२ विदेशी आवेदकहरूले राहदानीको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । भारतको हकमा भने आवेदकहरूले नेपालस्थित भारतीय दुतावासले उपलब्ध गराएको फोटो सहितको परिचय पत्र पेश गर्नुपर्नेछ।

७.३ इन्जिनियरिङ अध्ययन संस्थानअन्तर्गत कार्यरत स्थायी (परीक्षणकाल हटिसकेका) शिक्षक/कर्मचारीहरूका लागि सुरक्षित सिटमा आवेदन दिने आवेदकले इ. अ. स. डीन को कार्यालयबाट पूर्व-स्वीकृति-पत्र लिई आवेदनसाथ सोको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

कुनै शिक्षक तथा कर्मचारीका छोरा/छोरीले आवेदन दिने भएमा ती शिक्षक/कर्मचारीले आफूले काम गरेको कार्यालयको सिफारिश पत्र निवेदन साथ पेश गर्नुपर्नेछ ।

७.४ कुनै आवेदकले एकै समयमा एउटै वा समानस्तरको कोर्ष दुई विश्वविद्यालय वा संस्थामा दर्ता गरेको पाइएमा नेपालको शिक्षण-संस्था वा विश्वविद्यालयमा दर्ता गरी प्राप्त गरेको प्रमाणपत्रलाई मात्र मान्यता दिइनेछ ।

## ८. भर्ना-रद्द र धरौटी फिर्ता

८.१ सक्कल प्रमाणपत्रहरू रुजु गर्दा प्राप्ताङ्क वा अन्य विवरणहरू फरक हुन आएमा वा अन्य कुनै किसिमबाट गल्तीले नाम प्रकाशित भएमा त्यस्ता आवेदकलाई भर्ना गरिने छैन । गल्तीले भर्ना भइसकेको भए तापनि भर्ना रद्द गरिनेछ।

८.२ भर्ना भई कक्षा सुरु भएको मितिले ७ दिनसम्म उचित कारणसहितको सूचनाबिना कक्षामा अनुपस्थित रहने विद्यार्थीहरूको भर्ना रद्द गरी सो स्थानमा योग्यताक्रमानुसार पुनः नाम प्रकाशित गरी भर्ना गरिनेछ ।

८.३ कुनै कारणवश कक्षा सञ्चालन हुनु अगावै विद्यार्थी स्वयंले भर्ना रद्द गरेमा भर्ना हुंदा लिइएको कुल शुल्कको १०% (प्रतिशत) अथवा रु १५,०००।०० मध्ये जुन रकम कम हुन्छ सोही रकम कट्टा गरी भर्ना रद्द गरिनेछ । कक्षा सुरु भएको ७ दिन भित्र भर्ना रद्द गरेमा कुल शुल्कको २५% (प्रतिशत) अथवा रु ३५,०००।०० मध्ये जुन रकम कम हुन्छ सोही रकम कट्टा गरी भर्ना रद्द गरिनेछ । कक्षा शुरु भएको ७ दिनपछि भर्ना रद्द गर्न चाहेमा क्याम्पस धरौटी लगायत सम्पूर्ण रकम फिर्ता नहुने गरी भर्ना रद्द गरिनेछ ।

८.४ पाठ्यांश पूरा गरी सकेकाहरुको हकमा क्याम्पस छोडेको एक वर्षभित्र मात्र धरौटी रकमहरु फिर्ता गरिनेछ । बीचमा पढाइ छोडेका विद्यार्थीहरूको हकमा धरौटी रकमहरु समेत जफत गरिनेछ।

८.५ त्रि.वि. इ.अ.सं. अन्तर्गतका क्याम्पसहरूमा कुनै तहमा भर्ना भई बीचैमा अध्ययन छोडेका वा छुटाएका विद्यार्थीहरूले सम्बन्धित क्याम्पसमा सम्पर्क राखी छुटेको वर्ष/खण्डको अध्ययन नियमानुसार पुनः चालु गर्न सक्नेछन्। यस्तो अवस्थामा उक्त कार्यक्रममा निर्धारित सिट खालि भएमा मात्र छुटेको वर्ष या खण्डको अध्ययन चालु राख्न पाउनेछन्। यस्ता विद्यार्थीहरूले कक्षा संचालन हुनुभन्दा १५ दिन अगावै प्रकृया पुरा गरिसक्नु पर्नेछ र नयाँ भर्नामार्फत प्रथम सत्रदेखि पढाइ सुरु गर्न पाउने छैनन् र यसरी भर्ना भएमा भर्ना रद्द गरिनेछ।

८.६ सम्बन्धन प्राप्त कलेजहरुले पनि बुँदा नं. ७.१, ७.४ र ८ अनुसार नै उल्लेखित कार्यहरु गर्नु पर्नेछ।

## ९. आङ्गिक क्याम्पसहरूको स्नातक (बी.ई./बी.आर्क.) तहको शुल्क विवरण :

### इ. अ. सं. कार्यान्वयन समितिको मिति २०८०-०६-२१ को निर्णय नं. २८८० अनुसार निर्धारित शुल्क विवरण

**<u>इ. अ. सं. का आंगिक क्याम्पसहरुमा शैक्षिक वर्ष २०८३/०८४ मा बि.ई./बि.आर्क. तर्फका कार्यक्रमहरुमा भर्ना हुन लाग्ने शुल्क</u>**

| विवरण | शुल्क (रु.) | | | कैफियत |
|---|---|---|---|---|
| | नियमित | पूर्णशुल्कीय | विदेशी विद्यार्थी | |
| **प्रति सेमेष्टर** | | | | |
| शिक्षण शुल्क | २,८६२.०० | ४६,८५४.०० | १,३४,७५४.०० | |
| प्रवेश पत्र शुल्क | २००.०० | २००.०० | २००.०० | |
| प्रयोगशाला शुल्क | २००.०० | २००.०० | २००.०० | |
| पुस्तकालय शुल्क | ५०.०० | २००.०० | २००.०० | |
| परीक्षा शुल्क | ३,०६२.०० | ३,०६२.०० | ३,०६२.०० | |
| परीक्षा केन्द्र शुल्क | १५०.०० | १५०.०० | १५०.०० | |
| परीक्षा फारम शुल्क | १००.०० | १००.०० | १००.०० | |
| खेलकुद शुल्क | २०.०० | २०.०० | १००.०० | |
| विद्यार्थी युनियन शुल्क | १५.०० | १५.०० | १००.०० | |
| विद्यार्थी कल्याण शुल्क | १५.०० | १५.०० | १५०.०० | |
| खेलकुद विकास कोष | ५०.०० | १००.०० | १५०.०० | |
| क्याम्पस विकास कोष | १५०.०० | ९२५.०० | ४०००.०० | |
| क्याम्पस मर्मत कोष | १००.०० | ९२५.०० | ४०००.०० | |
| छात्रावास मर्मत कोष (छात्रवास बस्नेहरुको लागि मात्र) | - | - | - | क्याम्पसको निर्णयानुसार हुनेछ |
| **जम्मा (प्रति सेमेष्टर)** | **६,९७४.००** | **५२,७६६.००** | **१,४७,१६६.००** | |
| **जम्मा (आठ सेमेष्टर)** | **५५,७९२.००** | **४,२२,१२८.००** | **११,७७,३२८.००** | |
| **अन्य शुल्क (एक पटक मात्र)** | | | | |
| क्याम्पस संचालन तथा पूर्वाधार विकास | ६,०९५.०० | १,२२,५०४.०० | २,७०,७३३.०० | |
| त्रि. वि. दर्ता शुल्क * | ५००.०० | ५००.०० | २,०००.०० | |
| परिचय पत्र शुल्क | २००.०० | २००.०० | २००.०० | |
| विद्यार्थी स्वास्थ्य विमा | ५००.०० | ५००.०० | ५००.०० | |
| छात्रावास मर्मत शुल्क (छात्रावास बस्नेहरुको लागि मात्र) | - | - | - | क्याम्पसको निर्णयानुसार हुनेछ |
| **जम्मा** | **७,२९५.००** | **१,२३, ७०४.००** | **२,७३,४३३.००** | |
| **जम्मा (४ वर्षको)** | **६३,०८७.००** | **५,४५,८३२.००** | **१४,५०,७६१.००** | |
| **धरौटी** | | | | |
| पुस्तकालय धरौटी | १,२००.०० | ५०००.०० | ५०००.०० | |
| प्रयोगशाला धरौटी | ५००.०० | १०,०००.०० | १०,०००.०० | |
| क्याम्पस धरौटी | १,७००.०० | २५,०००.०० | १,०००००.०० | |
| **जम्मा** | **३,४००.००** | **४०,०००.००** | **१,१५,०००.००** | |
| **सुरुमा भर्ना गर्दा लाग्ने शुल्क** | **१७,६६९.००** | **२,१६,४७०.००** | **५,३५,५९९.००** | |
| **कुल जम्मा (४ वर्षको धरौटीसहित)** | **६६,४८७.००** | **५,८५,८३२.००** | **१५,६५,७६१.००** | |

**<u>द्रष्टव्य</u>**

१. प्रत्येक वर्षको नयाँ भर्नामा इ. अ. सं. कार्यान्वयन समितिको मिति २०८०-०६-२१ को निर्णय नं० २८८० अनुसार भर्ना शुल्क समायोजन गरिनेछ।

२. क्याम्पस संचालन तथा पूर्वाधार विकास शीर्षकमा जम्मा भएको सम्पूर्ण रकम क्याम्पसको जगेडा कोषमा दाखिला गर्नुपर्नेछ र क्याम्पसलाई आवश्यक पर्दा सो कोषबाट क्याम्पसले चालु र पुँजीगत शीर्षक तर्फ खर्च गर्न सक्नेछ।

३. विद्यार्थीले धरौटीवापत क्याम्पसमा जम्मा गरेको रकममा सम्बन्धित विद्यार्थीको अध्ययन पुरा गरेपश्चात अन्य दायित्वहरु कटाई बाँकी धरौटी रकम फिर्ता गरिनेछ।

४. आठ सेमेष्टरभन्दा बढी अध्यापन हुने कार्यक्रमहरुको हकमा सोही अनुसार थप सेमेष्टर शुल्क लाग्नेछ।

* यसभन्दा अगाडि त्रि.वि. मा दर्ता नभएकाहरूलाई मात्र देहाय अनुसार यो शुल्क लाग्नेछ :

- स्वदेशबाट परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूका लागि रु. ५००।००
- विदेशबाट परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूका लागि रु. १,०००।००

उपरोक्त बाहेक त्रि.वि.ले तोकेको खण्डमा अन्य कुनै शुल्क थप हुन सक्नेछ।

बुँदा ६.४ को पहिलो प्रावधान अनुसारको प्रायोजित कोटाको शिक्षण-शुल्क व्यक्तिगत पूर्णशुल्कीय कार्यक्रमको शिक्षण-शुल्क भन्दा ३०% बढी हुनेछ।

- पाठ्यक्रममा उल्लेख नभएका कुनै पनि शैक्षिक गतिविधि जस्तै अतिरिक्त विषय, स्थलगत अध्ययन भ्रमण, अतिरिक्त प्रयोगात्मक कक्षा इत्यादिका लागि लाग्ने खर्च विद्यार्थी स्वयंमले व्यहोर्नु पर्नेछ।
- नेपाल इन्जिनियरिङ्ग परिषद् (Nepal Engineering Council) को दर्ता लगायतका शुल्कहरु विद्यार्थी स्वयंमले व्यहोर्नु पर्नेछ।
- छात्रावास शुल्क सम्बन्धित क्याम्पसको नियमानुसार हुनेछ।

## १०. त्रि.वि. दर्ता, क्याम्पस परिचय-पत्र र पुस्तकालय सदस्यता-पत्र

१०.१ त्रि.वि. दर्ता-फारम भर्दा शैक्षिक योग्यताका लब्धाङ्क-पत्र र प्रमाणपत्रहरू तथा नेपाली नागरिकताको प्रमाणपत्रका प्रतिलिपिहरू १/१ प्रति बुझाउनुपर्नेछ।

१०.२ त्रि.वि. दर्ता भइसकेका आवेदकले दर्ता भएको विवरण पत्रको फोटोकपी बुझाउनुपर्नेछ।

१०.३ क्याम्पस-परिचयपत्र र क्याम्पस-पुस्तकालय सदस्यता-पत्र क्याम्पसले प्रदान गर्नेछ। यसका लागि तोकिएको मितिमा निम्नअनुसारका फोटाहरू लिई विद्यार्थी स्वयं उपस्थित हुनुपर्नेछ।

- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति।
- हालसालै खिचिएको अटो साइजको फोटो २ प्रति।

१०.४ बुँदा १०.१ र १०.२ का कामहरू गर्न क्याम्पसले सूचना गरेको दिनमा अनिवार्य उपस्थित हुनुपर्नेछ।

## ११. परीक्षा-प्रणाली

### ११.१ आन्तरिक मूल्याङ्कन

११.१.१ त्रि.वि. नियमअनुसार अध्ययनरत विद्यार्थीको उपस्थिति कम्तीमा ७० प्रतिशत हुनुपर्नेछ।

११.१.२ प्रत्येक विषयको आन्तरिक मूल्याङ्कनमा (Internal Assessment) उत्तीर्ण हुनुपर्नेछ। आन्तरिक मूल्याङ्कनमा अनुत्तीर्ण भएमा सो विषयको अर्धवार्षिक (सेमेस्टर) परीक्षा दिन पाइनेछैन।

### ११.२ अन्तिम परीक्षा

११.२.१ यस अध्ययन संस्थानअन्तर्गत अध्यापन गरिने सबै तहको परीक्षा इन्जिनियरिङ अध्ययन संस्थान परीक्षा नियन्त्रण महाशाखाले सञ्चालन गर्दछ। परीक्षा, इ.अ.सं. ले तयार गरेको शैक्षिक पात्रो (Academic Calendar) अनुसार हुनेछ।

११.२.२ विद्यार्थीहरूले ४ शैक्षिक-वर्षे कार्यक्रम ८ शैक्षिक वर्षमा र ५ शैक्षिक-वर्षे कार्यक्रम १० शैक्षिक-वर्षमा समाप्त गर्नुपर्नेछ । सो अबधि भित्र उत्तीर्ण नहुनेहरुका हकमा पुनः परीक्षा लिने व्यबस्था हुने छैन ।

११.२.३ विभिन्न इन्जिनियरिङ कार्यक्रममा स्नातक तहका सम्पुर्ण विषयहरुमा उत्तीर्ण भई अध्ययन पूरा गर्ने विद्यार्थीहरूलाई इन्जिनियरिङ-शास्त्री (बी.ई.) तथा वास्तुकला कार्यक्रममा स्नातक तहको अध्ययन पुरा गर्नेहरुलाई वास्तुकला शास्त्रीको उपाधि प्रदान गरिनेछ ।

## १२. खण्डगत भर्ना-रोक्का

१२.१ कुनै वर्ष र खण्डको नियमित अर्धवार्षिक (सेमेस्टर) परीक्षामा कम्तिमा एक विषयमा सम्मिलित नहुने परीक्षार्थीलाई सोभन्दा माथिल्लो वर्ष र खण्डको कक्षामा सम्मिलित हुन दिइनेछैन ।

१२.२ कुनै वर्ष र खण्डको परीक्षा दिएपछि त्यसपछिको वर्ष र खण्डमा अध्ययन गर्न भर्ना हुनुपर्ने छ । फाराम नभर्ने परीक्षार्थीलाई माथिल्लो तहमा भर्ना गरिनेछैन ।

## १३. छात्रवृत्ति र पदक

१३.१ स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई निम्नानुसार छात्रबृत्तिका व्यवस्था गरिएको छ ।

(क) प्रत्येक कार्यक्रमको नियमित विद्यार्थी-संख्याको २५% ले उत्कृष्ट नतिजाको आधारमा त्रि.वि. बाट प्राप्त छात्रवृत्ति पाउने छन् ।

(ख) प्रत्येक कार्यक्रमको नियमित विद्यार्थी-संख्याको २०% ले नियमित कार्यक्रम तर्फको शिक्षण शुल्क बराबर निःशुल्क वृत्ति पाउने छन् ।

(ग) प्रत्येक कार्यक्रमको नियमित विद्यार्थी-संख्याको १५% ले पूर्णशुल्कीयबाट दिइने (त्रि.वि. को नियमित सरहको) छात्रवृत्ति पाउने छन् ।

(घ) प्रत्येक कार्यक्रमको नियमित विद्यार्थी-संख्याको १०% ले पूर्णशुल्कीयबाट दिइने (त्रि.वि. को नियमित सरहको) निःशुल्क वृत्ति पाउने छन् ।

(ङ) प्रत्येक कार्यक्रममा भर्ना भएका पूर्णशुल्कीय विद्यार्थीहरूको २५% ले (बुँदा १३.१ को “ग” मा उल्लेख भएअनुसार) पूर्णशुल्कीयबाट दिइने (त्रि.वि.को नियमित सरहको) छात्रवृत्ति पाउने छन् ।

माथि उल्लिखित बुँदा नं. १३.१ को (क), (ख), (ग), (घ), (ङ) का छात्रवृत्तिहरू अघिल्लो अर्धवार्षिक (सेमेस्टर) परीक्षाको नतिजाको आधारमा प्रदान गरिनेछ । प्रथम वर्ष/प्रथम खण्डको हकमा प्रवेश-परीक्षाको स्कोरलाई आधार मानिनेछ ।

१३.२ सम्पूर्ण पूर्णशुल्कीय कार्यक्रमहरूका विद्यार्थीहरूमध्ये प्रत्येक भर्ना- समूहमा एकजनालाई त्रि.वि.को नियमित विद्यार्थी सरह शुल्कमा अध्ययन गर्ने छात्रवृत्ति प्रदान गरिनेछ ।

१३.३ एक-प्रकारको छात्रवृत्ति वा सुविधा उपभोग गर्ने विद्यार्थीलाई अर्को प्रकारको छात्रवृत्ति वा सुविधा दिइने छैन ।

१३.४ माथि उल्लिखित सम्पूर्ण छात्रवृत्तिहरू अर्धवार्षिक (सेमेस्टर) परीक्षामा अनुत्तीर्ण हुने विद्यार्थीलाई प्रदान गरिने छैन ।

१३.५ उपर्युक्त सबै किसिमका छात्रवृत्ति र निःशुल्क अध्ययनको सुविधा छात्रवृत्ति समितिको सिफारिसमा प्रदान गरिनेछ ।

१३.६ पुल्चोक क्याम्पसको स्नातक तह मेकानिकल इन्जिनियरिङ कार्यक्रममा सर्वोत्तम अङ्क प्राप्त गर्ने विद्यार्थीलाई उक्त विभागबाट स्वर्ण पदक प्रदान गरिने व्यबस्था रहेको छ ।

## १४. विद्यार्थीहरूको आचार-संहिता

१४.१ **ऐन र नियम पालन गर्नुपर्ने :** विद्यार्थीले ऐन, नियम, विश्वविद्यालयको आङ्गिक क्याम्पस वा कुनै सङ्गठन वा निकायको कार्यप्रणाली, निर्देशन, सूचना र परिपत्र आदि पालन गर्नुपर्नेछ ।

१४.२ **शैक्षिक कार्यक्रममा सरिक हुनुपर्ने :** विश्वविद्यालयमा वा क्याम्पसमा भर्ना पाएका नियमित विद्यार्थीले सम्बन्धित शैक्षिक कार्यक्रममा तोकिएबमोजिम सरिक भई त्यसमा समुत्तीर्ण हुन अध्ययनरत एवं प्रयत्नरत रहनुपर्ने छ ।

१४.३ **विश्वविद्यालयलाई सहयोग गर्नुपर्ने:** आफू अध्ययनरत विश्वविद्यालयको गरिमा, प्रतिष्ठा र मर्यादाको अभिवृद्धिका लागि विद्यार्थीले सक्दो योगदान, सहयोग र सद्भावना राख्नुपर्ने छ ।

१४.४ **पारस्परिक सम्बन्ध र सहयोग गर्नुपर्ने:** एक विद्यार्थीले अर्को विद्यार्थीमा सुसम्बन्ध, सद्व्यवहार, सहयोग, सद्भावना तथा शिष्टाचार जागृत गराउनुपर्ने छ ।

१४.५ **विद्यार्थी अनुशासनमा रहनुपर्ने:** विश्वविद्यालयको हाता वा क्षेत्रभित्र र बाहिर विद्यार्थी अनुशासनमा रहनुपर्ने छ । विद्यार्थीहरुले नेपालको कानुन र त्रि.वि. नियम विपरीत कुनै कार्य गरेमा वा विद्यार्थीको अनुशासनको लापरवाहिको कारणले कुनै किसिमको घटना भएमा, सो को सम्पूर्ण जिम्मेवारी र जवाफदेहिता स्वयंम विद्यार्थी नै हुनेछ । साथै घटनाको प्रकृति अनुसार प्रचलित नेपालको कानुन र त्रि.वि. नियमानुसार कारवाही समेत हुन सक्नेछ ।

१४.६ **विद्यार्थीहरूले शिक्षक र पदाधिकारीलाई आदर गर्नुपर्ने :** विद्यार्थीहरूले पदाधिकारी, शिक्षक र कर्मचारीलाई आदरसूचक सम्बोधन र व्यवहार गर्नुपर्ने छ ।

१४.७ **वास्तविक तथ्य प्रकाश गर्नुपर्ने:** विश्वविद्यालयमा भर्ना पाउन, कुनै छात्रवृत्ति, पदक वा सहुलियत वा अन्य कुनै अधिकार वा काम पाउन विद्यार्थीले आफ्नो जन्ममिति, जन्मस्थान, ठेगाना, शैक्षिक उपाधि वा अन्य कुरा ढाँट्नु वा लुकाउनु वा झुटो विवरण दिनु वा अन्य यस्तै अवाञ्छनीय र अनुचित काम-कुरा गर्नु, गराउनु हुँदैन ।

१४.८ **विश्वविद्यालयको हाताभित्र गर्न नहुने :** विद्यार्थीले विश्वविद्यालयको हाताभित्र देहायका काम-कुरा गर्नु, गराउनु हुँदैन :

क) क्याम्पस प्रमुख वा अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति बिना सार्वजनिक सभा, प्रदर्शनी, खेलकुद, नाचगान, नाटक, चलचित्र प्रदर्शन, सांस्कृतिक वा मनोरञ्जन कार्यक्रमको आयोजना वा सञ्चालन गर्नु, गराउनु ।

ख) कुनै घातक हातहतियार र अवाञ्छनीय वा निषेधित मालवस्तुसहित उपस्थित हुनु वा भेला गर्नु, गराउनु ।

ग) हुलहुज्जत, दबाव, प्रभाव, जबर्जस्ती, तोडफोड, अश्लील इसारा र कुटपिट, हरहमला, गालीगलोज, अभद्र व्यवहार र घेराउ गर्नु, गराउनु ।

घ) शैक्षिक र प्राज्ञिक वातावरणमा अस्वस्थता वा प्रतिकूलता ल्याउनु वा ल्याउन लगाउनु ।

ङ) फोहोरमैला र अन्य दूषित काम गर्नु, गराउनु ।

च) निषेधित क्षेत्रमा प्रवेश गर्नु, गराउनु ।

छ) विश्वविद्यालयको क्याम्पस वा कुनै -सङ्गठन वा निकायको प्रमुखबाट निषेधित भनी तोकिएको अन्य काम गर्नु, गराउनु ।

१४.९ **क्याम्पसको कक्षा र प्रयोगशाला आदिमा सम्मिलित हुन नपाउने:** एक क्याम्पस वा शिक्षण संस्थामा भर्ना लिई वा नलिई बिना स्वीकृति कुनै विद्यार्थी वा व्यक्तिले पनि अर्को कुनै क्याम्पसमा अध्ययन वा अभ्यास आदिका लागि सम्मिलित हुनु हुँदैन ।

१४.१० **विश्वविद्यालयको सम्पतिमा हानी-नोक्सानी पुऱ्याउनु नहुने :** विद्यार्थीले विश्वविद्यालय वा त्यसको कुनै सङ्गठन वा निकायको भवन, फर्निचर, पुस्तक, पुस्तिका, सामग्री, यन्त्र, उपकरण, औजार, मालवस्तु-लगायत गैरअचल एवं चल सम्पतिको हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गर्नु, गराउनु हुँदैन ।

१४.११ **विश्वविद्यालयका पदाधिकारी तथा शिक्षक-कर्मचारीलाई अनुचित दवाब दिनु नहुने :** कुनै पदाधिकारी वा शिक्षक वा कर्मचारी वा विद्यार्थी अन्य कुनै व्यक्तिलाई मानसिक वा शारीरिक कष्ट दिने मनसायले कुनै अनुचित काम-कुरा गर्नु, गराउनु हुँदैन ।

१४.१२ **अनुमति बेगर कक्षा प्रवेश गर्नु र छोड्नु नहुने :** शिक्षकले प्राध्यापन वा मार्गदर्शन वा निर्देशन दिईरहेको कक्षा, प्रयोगशाला वा अन्य कुनै स्थानमा निजको अनुमति नलिई विद्यार्थीले प्रवेश गर्नु वा त्यहाँबाट निस्कनु हुँदैन ।

१४.१३ **शुल्क वा अन्य अतिरिक्त रकम समयभित्रै तिर्नुपर्ने :** विश्वविद्यालय, त्यसको क्याम्पस वा अन्य कुनै निकायले लगाएको शुल्क वा अन्य रकम सम्बन्धित विद्यार्थीले तोकिएको म्यादभित्र नियमित रूपले तिर्नुपर्नेछ ।

१४.१४ **परिचयपत्र साथमा राख्नुपर्ने :** विद्यार्थीले विश्वविद्यालयको क्याम्पस वा कुनै सङ्गठन वा निकायमा प्रवेश गर्दा वा रहँदाको समयमा आफ्नो परिचयपत्र आफूसाथै राख्ने गर्नुपर्दछ ।

विश्वविद्यालय वा विश्वविद्यालयको कुनै सङ्गठन वा निकायले विद्यार्थीका लागि तोकिएको पोशाक अनिवार्य रूपमा लगाई क्याम्पस वा कक्षामा प्रवेश गर्नुपर्नेछ ।

१४.१५ विद्यार्थीहरुले आ-आफ्नो क्याम्पसले तोके बमोजिमको पोशाक (यूनिफर्म) को प्रयोग र पालना गर्नुपर्ने छ ।

१४.१६ **पुस्तक-लगायत अन्य बक्यौता बुझाउनु पर्ने :** क्याम्पस वा विश्वविद्यालयको कुनै सङ्गठन वा निकायमा आफ्नो अध्ययन वा सत्र वा अवधि समाप्त भएपछि विद्यार्थीले आफूले पुस्तकालयबाट लिई राखेको पुस्तक वा अन्य वस्तु वा बुझाउन बाँकी रहेको रकम वा अन्य बक्यौता तोकिएको म्यादभित्र बुझाउनुपर्छ ।

१४.१७ **परीक्षाको प्रयोजनका लागि विद्यार्थीहरूको आचारसंहिता सम्बन्धी व्यवस्था:**

- परीक्षार्थीले परीक्षा-भवन छाड्नुअघि आफ्नो उत्तरपुस्तिका सम्बन्धित निरीक्षकलाई बुझाउनुपर्ने छ ।
- परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि व्यक्तिहरू उपर परीक्षार्थीले अभद्र व्यवहार, हूलहुज्जत, हातपात तथा कुटपिट जस्ता कार्य गर्नु हुँदैन । कुनै परीक्षार्थीले त्यस किसिमको कार्य गरेमा, गरेको कार्यको अनुपातमा केन्द्रीय परीक्षा सञ्चालन समितिले सम्बन्धित परीक्षा रद्द गर्नुका साथै निज परीक्षार्थीलाई १ वर्षदेखि ४ वर्षसम्म कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निष्कासन गर्न सक्नेछ । त्यस निष्कासनको सूचना सञ्चार-माध्यमबाट प्रसारणगरिने छ ।
- परीक्षार्थीले व्यक्तिगत वा सामूहिक रूपमा आफ्नो वा अरूको परीक्षा बिथोल्ने जस्ता कार्य गर्न पाउने छैन । त्यस्तो काम गर्ने परीक्षार्थीलाई कारबाहीका निमित्त स्थानीय प्रशासनको जिम्मा लगाइदिन सकिनेछ ।
- परीक्षार्थीले आफू सम्मिलित हुनुपर्ने परीक्षामा आफै सम्मिलित हुनुपर्नेछ र अरूलाई सम्मिलित गराउनु हुँदैन । अरूलाई सम्मिलित गराएको प्रमाणित हुन आएमा परीक्षार्थीलाई परीक्षा संचालक समितिले बढीमा ४ वर्षसम्म निष्कासन गर्ने निर्णयका साथै फौजदारी अभियोगको कारबाही चलाउन स्थानीय प्रशासनलाई जिम्मा लगाइनेछ र विश्वविद्यालयको कुनै पनि परीक्षामा ४ वर्षसम्म सम्मिलित हुनबाट वञ्चित गर्न सकिनेछ ।

## १५. आचार-संहितासम्बन्धी कारबाही र सजाय

### १५.१ कारबाही र सजाय

१) यस नियमको, त्रि.वि.नियमको परिच्छेद १४ मा उल्लिखित कुनै आचार-संहिता र विश्वविद्यालयको अन्य नियम र कार्यप्रणाली कुनै विद्यार्थीले उल्लङ्घन गरेमा उल्लङ्घन गरेको आचार-संहिताको प्रकृति, किसिम र मात्रा हेरी त्यस्ता उल्लङ्घनकर्ता विद्यार्थीलाई अन्यथा लेखिएकोमा बाहेक कारबाही गरी देहायको कुनै एक वा सोभन्दा बढी सजाय दिन सकिनेछ ।

- चेतावनी ।
- जरिवाना।
- लिखित नसीहत ।
- हानी-नोक्सानी वा क्षतिपूर्तिको पूरै वा आंशिक रकम ।
- बढीमा १५ दिनसम्म कक्षा वा प्रयोगशाला-समेतबाट निलम्बन ।
- कुनै निर्धारित समयका लागि क्याम्पस वा विभागबाट निष्कासन ।
- क्याम्पस वा विभागमा निश्चित अवधिका लागि भविष्यमा शैक्षिक कार्यक्रममा प्रवेशका लागि रोक्का ।
- विश्वविद्यालयमा कुनै निश्चित अवधिका लागि अध्ययन गर्न नपाउने गरी निष्कासन ।

२) उपनियम १ को खण्ड (छ) बाहेक अन्य उल्लिखित सजाय गर्ने अधिकार सम्बन्धित विद्यार्थी दर्ता भएको वा अध्ययरत क्याम्पस वा विभाग वा विश्वविद्यालयको कुनै सङ्गठन वा निकायको प्रमुखलाई हुनेछ ।

३) उपनियम (१) को खण्ड (छ) को सजाय दिनुपरेमा उपनियम (२) मा तोकिएको पदाधिकारी वा अधिकारीको सिफारिसमा कार्यकारी परिषद्‌ले गर्न सक्नेछ ।

४) उपनियम (१) मा उल्लिखित कारबाहीको प्रक्रिया वा तरिका उपनियम (२) र (३) मा तोकिएको पदाधिकारी वा अधिकारी आफैँले तोक्न वा व्यवस्थित गर्न सक्नेछ ।

५) सम्वन्धित क्याम्पस र कलेजहरुमा भर्ना हुँदा बुँदा नं. १४ र १५ मान्य हुने गरी भर्ना भएको मानिनेछ ।

## १५.२ कार्यप्रणाली वा सूचना प्रकाशित गर्न सक्ने

यस नियमको परिच्छेद १४ मा जुनसुकै कुरा लेखिएको भए तापनि क्याम्पस प्रमुख वा प्रिन्सिपल वा विभागीय प्रमुख वा सम्बन्धित पदाधिकारी वा अधिकारीले विद्यार्थीले पालना गर्नुपर्ने थप आचार-संहिता वा पालन गर्नुपर्ने शर्तका सम्बन्धमा कार्यप्रणाली वा सूचना जारी गर्नसक्नेछ । त्यस्तो सूचनामा उल्लिखित आचार-संहिता वा शर्त उल्लङ्घन गर्ने विद्यार्थी माथि यसै नियमको परिच्छेद १५ मा उल्लिखित सजाय दिन सकिनेछ र त्यस्तो सजाय दिन पाउने अधिकारी सोही परिच्छेद १५ मा उल्लेख भएबमोजिम हुनेछ ।

## १६. अन्य जानकारी

१६.१ आंगिक क्याम्पसका विद्यार्थीलाई सामान्यतया एक क्याम्पसबाट अर्को क्याम्पसमा स्थानान्तरण गरिने छैन । नियमित सिटबाट नियमित सिटमा पनि स्थानान्तरण गरिने छैन । नियमित तर्फको विद्यार्थी पूर्णशूल्कीय कार्यक्रममा अर्को क्याम्पसमा स्थानान्तरण हुन चाहेमा दोस्रो वर्ष प्रथम खण्ड र तेस्रो वर्ष प्रथम खण्डमा सर्न चाहेको क्याम्पसमा सिट खाली भएमा स्थानान्तरण हुन सक्नेछ । सीमित सिटमा धेरै विद्यार्थीहरू स्थानान्तरित हुन चाहेमा परीक्षामा प्राप्त उच्च अङ्कका आधारमा स्थानान्तरणको लागि छनोट गरिनेछ । तर भर्नाको लागि भर्ना हुन चाहेको सेमेष्टरको कक्षा शुरू हुनुभन्दा १५ दिन अगावै क्याम्पस प्रशासनलाई जानकारी गराउनु पर्नेछ । यसरी स्थानान्तरण हुँदा बाकी अवधिको सम्पुर्ण शुल्क एकमुष्ट बुझाउनु पर्ने छ ।

१६.२ सम्पूर्ण शैक्षिक गतिविधिहरू र क्याम्पसमा हुने बिदाहरूको सम्बन्धमा इन्जिनियरिङ अध्ययन संस्थानबाट प्रकाशित गरिने शैक्षिक पात्रो (Academic Calendar) बाट जानकारी लिन सकिने छ ।

१६.३ क्याम्पस आवत जावतका लागि दैनिक यातायातको व्यबस्था विद्यार्थी स्वयंले गर्नुपर्नेछ ।

**द्रष्टव्यः प्रतिलिपि प्रमाणित गर्ने व्यवस्था क्याम्पसले गर्ने छैन । आधिकारिक व्यक्तिबाट प्रमाणित गराउने जिम्मेवारी आवेदक स्वयम्‌को हुने छ ।**

***यस पुस्तिकामा उल्लेखित व्यवस्था सम्बन्धित अख्तियारवालाले परिवर्तन गर्न सक्नेछ । यस प्रकार भएको परिवर्तन लागु गर्नका लागि यस पुस्तिकामा छापिएको कुरा बन्देजको रूपमा मानिने छैन । यस पुस्तिकामा प्रकाशित भएको कुनै व्यवस्था नियमसँग बाझिन गएमा बाझिएको हदसम्म यो व्यवस्था लागु हुने छैन ।***

# Detail Syllabus of B.E./B.Arch. Entrance Examination-2083

**Subject:** Mathematics **Full Marks:** 50

## 1. Set, Logic and Functions

1.1 Set, real number system, intervals, absolute value, logic, connectives, laws of logic
1.2 Function, types of functions – injective, surjective, bijective, algebraic, trigonometric, exponential and logarithmic; Inverse of function, composite functions

## 2. Algebra

2.1 Matrices and determinants, types and properties, inverse of a matrix
2.2 Complex numbers and Polynomial equations
2.3 Sequence and series, Permutation and Combination
2.4 Binomial theorem, exponential and logarithmic series

## 3. Trigonometry

3.1 Trigonometric equations and general values
3.2 Inverse trigonometric functions, principal value
3.3 Properties of triangles, in-centre, ortho-centre and circum-centre, solution of triangles

## 4. Coordinate Geometry

4.1 Straight lines, pair of lines
4.2 Circles, equations of circle in different forms, tangent and normal
4.3 Conic sections: Parabola, Ellipse and Hyperbola, standard equations and simple properties
4.4 Coordinates in space, Plane and its equation

## 5. Calculus

5.1 Limit and continuity of functions, indeterminate forms, L'Hospital's rule
5.2 Derivatives, rules of derivatives, geometrical & physical meanings, higher order derivatives, Applications of derivative: tangent and normal, rate of change, maxima and minima
5.3 Integration, linear properties, rules of integration, standard integrals, definite integral, Applications of definite integral: area under a curve and area between two curves
5.4 **Differential equations:** definition, order and degree, differential equation of first order and first degree: variable separable method, homogeneous, linear and exact differential equations, integrating factor

## 6. Vectors and their Products

6.1 Vectors in plane and space, algebra of vectors, linear combination of vectors, linearly dependent and independent set of vectors
6.2 Product of two vectors, scalar and vector product of two vectors, scalar triple product

## 7. Statistics and Probability

7.1 Measures of location and measures of dispersion
7.2 Correlation and regression
7.3 Basic terms of probability, conditional and compound probability, additive and multiplicative rules, Bayes' theorem, binomial distribution

**Subject:** Physics **Full Marks:** 40

1. **Mechanics**

1.1 Physical Quantities, Vector and Kinematics: Dimensions, Resolution and Polygon laws of Vector, Vector Algebra, Equations of Motions, Projectile Motion, Relative Motion
1.2 Newton's Laws of Motion and Friction: Conservation of linear momentum, Applications of Newton's Laws in Equilibrium and Non-equilibrium, laws of Solid Friction and verification
1.3 Work, Energy and Power: Work-Energy theorem, Kinetic and Potential energy, Conservation of Energy, Conservative and non-conservative forces, Elastic and inelastic collisions
1.4 Circular motion, Gravitation and SHM: Centripetal force, Conical Pendulum, Banking of Track, Gravitational Potential, variation of g, Motion of satellite, Rocket launch technology, Energy in SHM, Spring -Mass system, simple Pendulum, Damped and Forced oscillation, resonance
1.5 Rotational Dynamics: Moment of Inertia, Radius of Gyration, Rotational KE, Center of gravity and center of mass, Torque, Conservation of Angular momentum
1.6 Elasticity: Hook's law, Young modulus, Bulk modulus, modulus of rigidity, Poissons' ratio, elastic energy
1.7 Fluid Mechanics: buoyancy, flotation, Archimedes' principle, surface tension, capillarity and applications, viscosity, Newton, Stoke and Poiseuille's formula, Reynold number, continuity equation, Bernoulli's equation

2. **Heat and Thermodynamics**

2.1 Temperature and Quantity of Heat: Thermal Equilibrium, Specific heat, latent heat Method of Mixture, Measurement of specific heat and latent heat, Newton's law of cooling, triple point
2.2 Thermal expansion: Expansion of Solid & Liquid, Measurement and Applications of expansions
2.3 Transfer of Heat: Conduction, Convection, Radiation, Thermal Conductivity, Black body radiation, Stefan-Boltzmann law
2.4 Thermal properties of Matter: Molecular Properties of matter, Kinetic Theory of gases, heat capacities of gases and solids
2.5 Laws of Thermodynamics: First law, Heat and Work, relation of specific heat of gas, thermodynamics processes, Second law, Heat engine, efficiency, Carnot Cycle, Otto Cycle, Diesel cycle, Refrigerator, Entropy.

3. **Geometric and Physical Optics**

3.1 Reflection: Plane and Curved Mirror, Mirror Formula
3.2 Refraction: Plane Surface, Critical Angle, Total Internal Reflection, Lateral shift, Prism, Minimum Deviation, Lenses, Lens Formula, Lens maker's formula, Combination of lenses in contact, Optical Fiber
3.3 Dispersion: Spectrum, Dispersive Power, Chromatic Aberration, Achromatism, Spherical Aberration, Scattering of light
3.4 Nature and Propagation of Light: Huygen's principle, Velocity of light
3.5 Interference: Coherent sources, Young's double slit experiment
3.6 Diffraction: Fraunhoffer diffraction, Diffraction grating, Resolving power
3.7 Polarization: Brewster's law, Transverse nature of light, Polaroid

4. **Waves and Sound**

4.1 Wave Motion: Travelling and Stationary wave
4.2 Mechanical Waves: velocity of sound in solid, gas and liquid, effect of temperature, pressure, humidity
4.3 Waves in Pipes and String: closed and Open pipes, Resonance, Resonance Tube, string, laws of vibration of fixed string
4.4 Acoustic Phenomena: Pressure amplitude, intensity level, quality and pitch, Ultrasonic and Infrasonic, Doppler's effect

5. **Electricity & Magnetism**

5.1 Electrostatics: Coulomb's law, Electric field and Gauss law, Potential and potential gradient, Capacitors, combination of capacitors, types of capacitors, effect of dielectrics, Energy stored by capacitors, polarization and displacement

5.2 DC Circuits: Ohm’s law, resistivity and conductivity, work and power, Galvanometer and Ohm meter, internal resistance, Joule’s law, Kirchhoff’s law and applications
5.3 Thermoelectric Effect: Seebeck effect, Thermocouples, Peltier effect, Thermopile, Thomson effect
5.4 Magnetic effect: Force on a conductor and charge, Torque, Hall’s effect, Biot-Savart’s law, Ampere’s law, Force between parallel conductors
5.5 Magnetic properties of matter: Earth magnetism, magnetic materials, permeability, susceptibility, hysteresis
5.6 Electromagnetic Induction: Faraday’s law, Induced emf, AC Generators, Self and mutual induction, energy stored by inductor, transformer
5.7 Alternating Currents: RMS value, Phasor diagram of capacitance, inductance and resistance, Quality factor, Power factor

6. **Modern Physics**

6.1 Electrons: Millikons’s experiment, Cathode rays, specific charge
6.2 Photons & Quantization of Energy: Photoelectric effect, Plank’s constant, Bohr’s theory, spectral series, De Broglie theory, Uncertainty principle, X-ray and Bragg’s law, Laser
6.3 Solids & Semiconductor Devices: Intrinsic and extrinsic semiconductors, P-N junction, Rectification, Zener diode, Transistor, Logic gates
6.4 Radioactivity & Nuclear Reaction: Atomic mass, Isotopes, Nuclear density, Einstein’s mass energy relation, mass defect, fission & fusion, law of radioactive disintegration, carbon dating, health hazard

6.5 Recent Trends in Physics
- 6.5.1 Particle Physics: Particle and anti-particle, Quarks, Lepton, Baryon, Mesons, Higgs Boson
- 6.5.2 Universe: Big Bang and Hubble’s Law, Dark Matter, Gravitational Wave, Black Hole
- 6.5.3 Seismology: Pressure wave, Surface Wave, Internal wave
- 6.5.4 Telecommunication: Radio, TV and Mobile, GPS and Remote sensing
- 6.5.5 Environment: Energy Crisis, Environment Pollution, Ozone Layer
- 6.5.6 New Technology & Materials: Nano-technology, super conductor & Perfect conductor

## **Subject:** Chemistry **Full Marks:** 30

1. **Physical Chemistry**

1.1 Chemical Arithmetic: Dalton’s atomic theory and Laws of Stoichiometry, Atomic mass and Molecular mass, Empirical molecular formula and limiting Reactants, Avogadro are Hypothesis and its applications and Equivalent masses.
1.2 State of Matter: Gaseous state, liquid and solid states.
1.3 Atomic Structure and Periodic Classification of Elements:
1.4 Oxidation, Reduction and Equilibrium
1.5 Volumetric Analysis,
1.6 Ionic Equilibrium, Acid, Base and Salt
1.7 Electrochemistry
1.8 Energetic of Chemical Reaction, Chemical Kinetics, Chemical Bonding and Shape of Molecules

2. **Inorganic Chemistry**

2.1 Non-metal: Hydrogen, Oxygen, Ozone, Water, Nitrogen and its compounds, Halogen, Carbon, Phosphorous, sulphur, Noble gas and Environment pollution.
2.2 Metals: Metallurgical Principle, Alkali metal, Alkaline Earth metals, Coinage metals: Copper, Silver, Gold
2.3 Extraction of Metal: Zinc and Mercury, Iron Compound

3. **Organic Chemistry**

3.1 Introduction: Fundamental principles, Purification of organic compounds, Nomenclature of Organic compounds, Structure isomerism and idea of reaction mechanism
3.2 Hydrocarbons: Alkanes, Alkenes and Alkynes, Aromatic hydrocarbons
3.3 Haloalkanes and Haloarenes

3.4 Alcohols, Phenols and Ethers
3.5 Aldehydes, Ketones , Carboxylic Acid and Derivatives, Aliphatic and Aromatic
3.6 Nitro Compounds and Amines: Aromatic and Aliphatic

**Subject:** English **Full Marks:** 20

**1 Grammar I**

1.1 Sequence of Tense, Concord /Agreement
1.2 Direct and Indirect Speech
1.3 Kinds of Sentences and Transformation of Sentences

**2 Grammar II**

2.1 Basic Grammatical Patterns/Structures, Conditional Sentences
2.2 Parts of Speech, Active and Passive Voice
2.3 Verbal: Infinitives, Gerund and Participles
2.4 Punctuation and Use of Prepositions
2.5 Vocabulary
2.6 Idiomatic Expressions

**3 Phonetics**

3.2 Phonemes (Vowels/Consonants)
3.3 Syllables and Stress (Word/Sentence)

**4 Comprehension**

4.1 Comprehensions of reading passages on a variety of topics and style with special references to **General English** and **Technical English**

# Model Questions

**Section A** **(1*60 = 60)**

1. The value of $k$ for which one root of the equation $3x^2 + 7x + 6 - k = 0$ is equal to zero is
   a) $-\frac{7}{3}$ b) 0 c) $\frac{7}{3}$ d) 6

2. The derivative of $sech^{-1}x$ is valid for
   a) $x = 0$ b) $x < 1$ c) $x = 1$ d) $x > 1$

3. The integrating factor of the differential equation $\frac{dy}{dx} + \frac{x}{1+x}\, y = 1 + x$ is
   a) $e^x$ b) $\frac{e^x}{1+x}$ c) $\frac{e^x}{x}$ d) $e^x(1 + x)$

4. If the line $x + y - 1 = 0$ touches the parabola $y^2 = k\,x$ , then the value of $k$ is
   a) 4 b) 2 c) –2 d) –4

5. Two ice blocks when pressed together join to form one block, because,
   a) MP rises with pressure b) MP falls with pressure
   c) Heat is absorbed from surrounding d) Heat is rejected to surrounding

6. If you are given three equal resistors, how many different combinations of these resistors are possible?
   a) 2 b) 3 c) 4 d) 6

7. In Williamson's synthesis haloalkane is treated with
   a) ammonia b) alcohol c) sodium alkoxide d) silver salt of fatty acid

8. Any p- orbital can accommodate up to
   a) six electrons b) four electrons
   b) two electrons with parallel spins d) two electrons with anti-parallel spins

9. He is one person, I count ………… in times of difficulty.
   a) at    b) in    c) with    d) on

10. The word 'procrastination' has its stress on the ………… syllable.
   a) 2nd    b) 3rd    c) 4th    d) 5th

11. Which of the following pairs have the same initial vowel sound?
   a) ago, alone    b) inn, eel    c) owl, all    d) up, on

**Section B** **(2*40 = 80)**

12. If a lottery ticket is drawn at random from a lottery box containing 10 prizes and 25 blanks, what is the probability of getting a prize?
   a) $\frac{1}{10}$    b) $\frac{1}{25}$    c) $\frac{2}{7}$    d) $\frac{5}{7}$

13. If $\vec{a} = \vec{i} + 2\vec{j} + 3\vec{k}$ and $\vec{b} = 2\vec{i} + 3\vec{j} - 2\vec{k}$, then the projection of $\vec{b}$ on $\vec{a}$ is
   a) $\frac{2}{\sqrt{17}}$    b) $\frac{2}{\sqrt{7}}$    c) $\sqrt{\frac{2}{7}}$    d) $\frac{1}{7}$

14. To what depth, below the surface of a sea should a rubber ball be taken so that its volume decreases by 1%? Bulk modulus of the rubber is $9 \times 10^8$ $Nm^{-2}$.
   a) 1m    b) 10m    c) 100m    d) 1km

15. The ratio of the areas within the electron orbits for the first excited state to the ground state for the hydrogen atom is
   a) 16:1    b) 8:1    c) 4:1    d) 2:1

16. 21 grams of magnesium carbonate was treated with 50ml of 12N hydrochloric acid. How many molecules of untreated hydrochloric acid remain in this reaction?
   a) $6.025 \times 10^{23}$    b) $6.025 \times 10^{22}$    c) $6.025 \times 10^{21}$    d) $6.025 \times 10^{19}$

17. What weight of copper will be deposited by passing 2 Faraday of electricity through a solution of cupper salt?
   a) 20g    b) 31.7 g    c) 63.5g    d) 100g

18. It …… two weeks since he left the city.
   a) is    b) was    c) has been    d) had been

19. **Read the following passage carefully and answer the questions given below by selecting the correct option.**

Language, as they say, is the lens through which human beings perceive the world. If so, English is perhaps the most distorting lens through which to see animals. It has perpetuated a cross-eyed view of birds, beasts, fish and fowl. The very word 'animal' connotes the brutish and the sensual. Animal instinct implies baseness and vulgarity. The language transfers negative human traits to animals, making the former appear as characteristics of the latter. Thus, the chicken is cowardly, frightened, faint-hearted; the goat lustful and foolish; the bear rough and ill-bred. Butterflies are flighty, seals slippery and foxes notorious for craftiness and cunning. Much the worst are the reptiles particularly the snake, creeping, base, malignant, abject, ungrateful and treacherous. Always the snake in the grass.

Each species carries its denigration forever embedded in its English name giving the language as many unpleasant adjectives as it could possibly want. To be bull-headed is to be impetuous and obstinate; the cattish woman is spiteful and backbiting. An elephant's walk is ungainly, bird-brains are to be ridiculed and the herd mentality draws only contempt. You can be as blind as a bat, and batty if you are crazy as well.

In the English language, the animals are

a) used for uninteresting comparisons
b) used for unpleasant comparisons
c) used for pleasant comparisons
d) not used for any comparisons

***